gjlj sNk
(धवलागिरिमा सर्वाधिक कप्रिय प का)
/bikalpanews /NawabikalpaWeek
साप्ताहिक
zfebLkfjnLsf
xflbs zfesfdgf ÛÛÛ

वर्ष ८ अङ्क ६ पूर्णाङ्क ३४४ | आइतवार, कार्तिक १५, २०७२ | Nov. 01, 2015, Sunday | पृष्ठसङ्ख्या ६+२ | मूल्य रु. १०/-

कोरल्ला नाका खुलाउन माग

■सन्तोष गौतम/नवविकल्प

मुस्ताङमा पर्ने कोरला प्रवेशद्वार । फाइल तस्वीर : गणेश पौडेल/पर्वत

भारतको अघोषित नाकाबन्दीका कारण दैनिक जनजिवन प्रभावित भइरहेका समयमा धौलागिरिवासीहरूले मुस्ताङको लोमान्थाङ स्थित कोरल्ला नाका खुलाउन सरकारसंग माग गरेका छन् ।

शनिबार बेनीमा धौलागिरी अञ्चलका सरोकारवालाहरूको भेलाले चीनसँग सीमाना जोडिएको मुस्ताङको लोमान्थाङ स्थित कोरल्ला नाका खुलाउन पहल गर्न सरकारसंग आग्रह गरेका हुन् । उनीहरूले सिमा क्षेत्रमा आवश्यक पर्ने भौतिक पूर्वाधारको विकास गर्न सरकारी निकायले योजना बनाउनुपर्नेमा जोड दिएका थिए ।

नेपाल उद्योग वाणिज्य महासंघको आयोजना म्याग्दी उद्योग वाणिज्य संघको समन्वयमा बेनीमा आयोजना गरेको छलफलमा सहभागीहरूले नेपाल र चीनबीच ब्यापारीक सम्बन्धका लागि सबैभन्दा नजिक र उत्तम मानिएको कोरल्ला नाका सञ्चालन गर्न आग्रह गरेका छन् ।

म्याग्दी, मुस्ताङ, बागलुङ र पर्वत जिल्लाका राजनीतिक दल, ब्यवसायी, सुरक्षा अधिकारी र प्रमुख जिल्ला अधिकारीहरूले कोरल्ला नाका खुलाउन आवश्यक कुटनीतिक पहलका साथै पूर्वाधार तयार गर्न जोड दिएका थिए । नाका सञ्चालनमा आएदेखि धौलागिरि क्षेत्रको विकासले फड्को मार्न सक्ने विश्वास ब्यक्त गरिएको छ ।

भारतले गरेको अघोषित नाकाबन्दीका कारण देशभरको जनजीवन कष्टकर भैरहेको अवस्थामा आगामी दिनमा यस्तो समस्या उत्पन्न हुन नदिनका लागि करिब एक दशकदेखि बन्द रहेको कोरला नाका सञ्चालन गर्न अहिले देखि पहल गरेको नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रिय सदस्य प्रमोद श्रेष्ठले बताए । उनले धौलागिरिको आर्थिक,सामाजिक र पर्यटन क्षेत्रमा नाका सञ्चालनबाट ठूलो फाइदा लिन सकिने बताए ।

म्याग्दीको सदरमुकाम बेनीदेखि १७६ किलोमिटर टाढा रहेको कोरल्ला नाका सञ्चालन गर्न सकेमा धौलागिरी क्षेत्र ब्यापारिक केन्द्र बन्नुका साथै भौतिक, आर्थिक र सामाजिक विकासले फड्को मार्ने श्रेष्ठको दावी थियो ।

कार्यक्रममा बागलुङ, म्याग्दी, पर्वत र मुस्ताङ जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूले कुटनीतिक पहलका अतिरिक्त कोरल्ला नाका खुलाई बाह्रै महिना सञ्चालन गर्न सडक स्तरवृद्धी, मोटरेबल पुल, ब्यापारीक योजना र सुख्खा बन्दरगाहा निर्माण गर्न आवश्यक रहेको बताएका थिए ।

बागलुङका प्रजिअ बिष्णुप्रसाद पोखरेल, म्याग्दीका सागरमणी पाठक, पर्वतका झंकनाथ ढकाल र मुस्ताङका गणेशवहादुर अधिकारीले पुर्वाधार निर्माण गरी नाकालाई सहज रूपमा सञ्चालन गर्ने वातावरण बनाउन सबै पक्ष जिम्मेवार बन्नुपर्ने बताएका थिए ।

धौलागिरी अञ्चल प्रहरी कार्यालयका बरिष्ठ प्रहरी उपरिक्षक छविलाल जोशी र चण्डीका शसस्त्र प्रहरी गण कुश्माका एसपी कृष्णकुमार थापाले सुरक्षा ब्यवस्था सुदृढीकरणका साथै मुस्ताङमा एक चीन नीती बिरोधी गतिबिधि हुन नदिने प्रत्याभुती दिलाउन राजनीतिक र समुदायबाट पनि सहयोग आवश्यक रहेको बताएका थिए । बागलुङ उद्योग वाणिज्य संघका अध्यक्ष बसन्तकुमार श्रेष्ठ, मुस्ताङका खगेन्ऽ तुलाचन र पर्वतका हरिओम शर्माले कोरला नाका सञ्चालन भएमा यस क्षेत्रमा भारतसंगको ब्यापार परनिर्भरता हट्ने, यहाँको उत्पादन चीन र चीनको उत्पादन यहाँ ल्याएर ब्यापार गर्नुका साथै पर्यटन विकासमा मद्दत पुग्ने बताए ।

नेपाली कांग्रेस बागलुङका कार्यबाहक सभापति जगदिशचन्द्र उपाध्याय, एमाले पर्वतका उपाध्यक्ष भक्त कुँवर, एकिकृत माओवादी म्याग्दीका अध्यक्ष चन्द्रबहादुर घिमीरे

बाँकी पृष्ठ ७ मा

पुनहिलमा पर्यटक

विस्तृत समाचार – पृष्ठ ६ मा

■ ■ ■

नेचुङ्-लिजी कोरल्लापास नाकाको सम्भावना र यसको महत्व

रामकृष्ण शर्माको विश्लेषण - पृष्ठ ३ मा

STUDY IN JAPAN
Special Offers
FREE LANGUAGE
FREE VISA PROCESSING
FREE JOB PLACEMENT
NO VISA NO PAY
Japanese Language Courses
NAT/JLPT/J-TEST Preparation
Documentation
VISA Processing
IN ASSOCIATION WITH
SETO ACADEMY
瀬戸アカデミー For Japanese Studies
BEC BENI EDUCATION CONSULTANCY
BENI EDUCATION CONSULTANCY
Hulak Chowk, Beni, Myagdi +977-69-520678
www.beniedu.com.np info@beniedu.com.np

चाड पर्वमा
फजुल खर्च नगरी
उत्पादनमूलक कार्यमा
लगानी गरौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

बोली

हरिकृष्ण गौतम

म्याग्दीमा मनपरी भाडा लिने भाडाका सवारीसाधनलाई इन्धन रोक्नुपर्छ, मनपरी भाडा पनि लिने अनि उनिहरुलाई नै प्राथमिकतामा राखेर इन्धन वितरण गर्ने । यसको मतलव मोटरसाईकललाई पेट्रोल खोजेको होईन है । विज्ञ र भविष्यवाणी गर्नेहरुको भिड भएको ठाउँमा पहिल्यै भन्नुपऱ्यो नी फेरी ......

प्रकाश पौडेल

सरकारी रकमले सरकारी प्रयोजनका लागि किनेका सेतो नंम्बर प्लेटका सवारी साधन म्याग्दी जिल्लाका बिभिन्न स्थानमा बिना काम चलेको खण्डमा जनस्तर बाट त्यसको चेकजाच हुने र बिना काम सरकारी साधनमा गुडेको भेटेमा कारबाही हुने कुरा यहाँ समक्ष जानकारी गराउँदछु

केशवराज सुवेदी

प्रमुख जिल्ला अधिकारी ज्यु आज आएको पेट्रोल झन्डै आदिजती पम्पवालाहरूले बिहानै एकलौटी तरिकाले आफुखुसी गरेछन नि थाहा पाउनु भयो ?

साढे ४५ लाख संकलन

■ **नवविकल्प**

म्याग्दीको बाबियाचौर ५ मा रहेको मंगला शिक्षा क्याम्पसको भौतिक पुर्वाधार जुटाउन साढे ४५ लाख रूपैयाँ चन्दा संकलन गरिएको छ ।

२०६६ सालदेखि अंग्रेजी, गणीत र नेपाली विषयमा शिक्षा संकायको पठनपाठन हुदै आएको क्याम्पसको आफ्नै नाममा जग्गा नहुँदा त्रिभुवन विश्व विद्यालयले दिने सहयोगबाट बञ्चित भएपछि जग्गा खरिद गर्नका लागि गत मंसिरदेखि चन्दा संकलन अभियान सञ्चालन गरिएको थियो ।

बाबियाचौर र छिमेकी गाउँका बासिन्दाका साथै बिदेश तथा देशका विभिन्न ठाउँमा रहेका पुर्व विद्यार्थीहरूबाट हालसम्म ८१ लाख रूपैया सहयोग घोषणा भएको र ४५ लाख ५० हजार रूपैयाँ प्राप्त भैसकेको अभियानका बिदेश बिभाग प्रमुख सतप्रसाद रोकाले बताए ।

सहयोग संकलन अभियानसंगै जग्गाको खोजी पनि भैरहेको छ । एक करोड रूपैयाँ संकलन गर्ने लक्ष्य रहेको छ । चन्दा उठाउन क्याम्पस सञ्चालक समिति, स्थानीय आमा समूह, युवा कल्वले संयुक्त रूपमा घरदैलो अभियान सञ्चालन गरेका हुन् । ग्रामिण क्षेत्रमा सञ्चालित क्याम्पसमा छोरी, बुहारी र विपन्नले घरमै बसेर उच्च शिक्षा हासील गर्ने अवसर पाएका छन् । क्याम्पसमा ५६ जना विद्यार्थी अध्ययनरत छन् ।

रेनीलाई बुद्धले नि:शुल्क पढाउने

■ **नवविकल्प**

रोजगारको सिलसिलामा कतारमा दुर्घटनमा परी निधन भएका म्याग्दी भकिम्ली-७का चन्द्रबहादुर धर्तीको छोरीलाई बेनी नगरपालिका बगरफाँटस्थित बुद्ध एकेडेमीले निशुल्क पढाइदिने भएको छ । कतारमा साइकलन दुर्घटनमा निधन भएका घर्तीको जेठी छोरी रेनुलाई माध्यमिकस्तरसम्मको सबै शुल्क मिनाह गरिएको विद्यालयका निर्देशक राजकुमार थापाले बताए ।

'घटनाबाट हामी स्तब्ध भका थियौ । उनको भर्ना शुल्क समेत फिर्ता गरिदियौं' थापाले भने । निजी तथा आवासीय विद्यालयको छाता संगठन प्याब्सनका जिल्ला अध्यक्ष समेत रहेका थापाले आवश्यकता अनुसार शैक्षिक साम्रागी तथा आवासीय सुविधामा समेत हेरिने बताए । 'निजी विद्यालयले आर्थिक हैसियत कमजोर भएकालाई निशुल्क सुविधा दिइरहेको छ । उनलाई शैक्षिक प्रगतिमा कुनै कमी हुन दिदैंनौ' थापाले भने । स्वर्गिय घर्तीको कान्छी छोरीलाई पनि विद्यालय उमेर पुगेपछि बुद्ध एकेडेमीले नै निशुल्क शिक्षा दिने उनले बताए । कतारस्थित सिजिसी कम्पनीमा पाँचबर्ष देखी कार्यरत रहेका घर्तीमगरको गत मार्च ३ तारिकमा साईकलमा सडकपार गर्ने क्रममा सवारीसाधनले ठक्कर दिएर घटनास्थलमै मृत्यु भएको थियो । यसैविच कतारमा रहेका म्याग्देलीको साझा संस्था म्याग्दी सेवा समाज कतारले स्वर्गीय घर्तीमगरका छोरीलाई निशुल्क शिक्षाको ब्यवस्था गरेकोमा बुद्ध एकेडेमी प्रति आभार ब्यक्त गरेको छ । समाजका अध्यक्ष गणेश श्रेष्ठले निशुल्क शिक्षा संगै आवश्यक पाठ्यपुस्तक र पोशाकका साथै अन्य साम्रागीमा समेत सहज उपलब्ध गराउन अनुरोध गरेका छन् ।

शुद्ध टाइपिङ, स्तरीय डिजाइन र
सेटिङ्का लागि हामीलाई सम्झनुहोस्–
शर्मा डेस्कटप
SHARMA DESKTOP
बेनीबजार, म्याग्दी
मो.नं. ९८५७६२१५६०

फोटो कथा



नेपाल र चीन बिचको कोरल्ला नाकामा चीन सरकारद्वारा राखिएको सिसीटिभी लगायतका उपकरणहरु । तस्वीर : गणेश पौडेल/पर्वत

भाडा बार्गेनिङ : कालीपुल बसपार्क बेनी म्याग्दीबाट पोखरातर्फ जाने यात्रुहरु भाडा बार्गेनिङ गर्दै । पछिल्लो समय इन्धन अभावको कारण देखाउँदै ट्याक्सी, जीप तथा बस व्यवसायीहरुले मनपरी भाडा लिने गरेको गुनासो यात्रुहरुको छ । – तस्वीर नवविकल्प



सरकारी साधनको हालीमुहाली : बेनी म्याग्दीमा भएको चौरासी पूजाका लागि जिल्ला स्वास्थ्य कार्यालय सिन्धुपाल्चोकबाट ल्याइएको सरकारी सवारी साधन । डा. सागर राजभण्डारीले आफ्नो पिताको चौरासी पूजामा उक्त गाडी प्रयोग गरेका थिए । इन्धनको चरम अभाव भएको समयमा सरकारी गाडी लामो दुरीमा ल्याई व्यक्तिगत प्रयोगमा ल्याइनु सरकारी साधन र पदको दुरुपयोग भएको सर्वसाधारणको भनाइ छ । तस्वीर : नवविकल्प

नेचुङ्-लिजी कोरल्लापास नाकाको सम्भावना र यसको महत्व

रामकृष्ण शर्मा

विषय प्रवेश

कुनै पनि स्वतन्त्र दुई देश बीच दुवैको हितमा आधारित आवागमन सुविधाको व्यवस्थित प्रणाली नै नाका हो । यसलाई आ-आफ्ना आवश्यकताअनुसार ति देशले निर्माण विस्तार वा वन्देज गर्न सक्छन् । विशेषगरी भूपरिवेष्ठित देशहरूका लागि पारवाहनमा आधारित नाका धेरै महत्वपूर्ण हुनेगर्छ यस्ता देशहरूले निर्वाद पारवाहनको अधिकार प्राप्त गर्दछन । जो संयुक्त राष्ट्रसंघको पारवाहन सम्बन्धी व्याख्यामा उल्लेख भएको पाउन सकिन्छ । तर दक्षिण सिमानाका ६ वटा मुख्य नाका असोज ५ देखि बन्द हुँदा नेपालीको जनजीवन नै अस्तव्यस्त बनेको छ । तातोपानी नाकाबाट कोदारी राजमार्गको वाटो वि.स.२०४३ सालमा नेपाली सेनाका लागि हतियार लिएको भन्दै भारतले २०४५ सालमा नाकावन्दी गरेको थियो । यो फेरी संविधान बनेको विरोधमा ।

यो अवस्थामा उत्तरी नाकाहरू विशेषगरी ६ वटा छन् यि अनिवार्य विकल्पका रूपमा देखा परेका छन् । जो सवारी आवगमनले समेत उत्तर र दक्षिणको सेतु वन्न सक्छन् । यसअघि वेवास्ता गरिएका वा दक्षिणी प्रभावका कारण खोल्न नसकिएका भनिएका नाकाहरूमा दक्षिणबाट भएको अवरोधसँगै दतारूक्तता देखिएको छ । यसले नेपालका ठूला छिमेकी बीचको समान सम्वन्ध स्थापना गर्नुका साथै नेपालको समय समयमा हुने विभिन्न खालका समस्या समाधानको उपाय निस्कने माध्यमका रूपमा यसलाई प्रयोग गर्नु राम्रो देखिएको छ ।

चीन र भारत एसियाका ठुला र शक्तिशाली मुलुक हुन् । विश्व परिवेशमा दिन प्रतिदिन दुवै देशले आफ्नो प्रभाव बढाउँदै गएका छन् । विश्वले नै ज्यादै चासोका साथ हेरिरहेका यी मुलुकमा हुने विकास वा विनासको प्रत्यक्ष भागिदार वन्नुपर्ने नेपालको वाध्यता छ । अर्कोतर्फ चीन र भारतको सबैभन्दा सहज र छोटो स्थल मार्ग पनि नेपाल भएर हुनुले दक्षिणी नाका जस्तै उत्तरी नाकाको विस्तार हुनु आवश्क छ । यी सबै आवश्कता र बाध्यताका बीच दबै छिमेकी मुलुकलाई समान दुरीमा राख्नु र विकास र उन्नतीको बाटोमा गतिशिल सेतु बन्न सक्नु नेपालको कुटनितिक सफलता वन्न सक्छ । यी मध्यको एक धेरै सम्भावना बोकेको कोरल्ला नाका खुलाउनको लागि नागरिक तहबाट पहलकदमीको आवश्कता महशुस गरि यो विषय यहाँ प्रस्तुत गरिएको छ ।

उत्तरी नाकाको वर्तमान अवस्था

सञ्चालित नाका-ः सडकको सहज पहुँच भएको दुई वटा नाका भनेको सिन्धुपाल्चोकको तातोपानी नाका र रसुवाको केरूङ नाका मात्र अहिले सञ्चालनमा रहेका नाका हुन् । यसमा पनि बैशाख १२ गतेको भूकम्पका कारण सिन्धुपाल्चोकको तातोपानी नाका पहिरोले बन्द भएको छ । बाटो मात्र खुलेको भएपनि आवतजावत सहज देखिदैंन उता रसुवाको केरूङ नाका भने हालसालै खुलेको छ । जसवाट पेट्रोलिएम पदार्थ समेत आयात गर्न थालिएको छ । तातोपानी भने चीनले आफ्ना व्यावसायीलाई अन्यत्रै सारेर सुरक्षाकर्मी मात्र राखेको छ । यसलाई चीनले प्रभावकारी रूपमा सञ्चालन गर्ने मनसाय देखिदैन यो काठमाण्डौबाट १ सय १४ किलो मिटरको दुरीमा रहेको नाका धेरै प्रभावकारी बन्दै आएको थियो । केरूङ नाकामा चीनले समेत चासो दिंदै आएको छ भने यो राजधानी काठमाण्डौंदेखि १ सय ३८ किलो मिटरको दुरीमा रहेको छ । चीनतर्फ पनि तातोपानी नाकामा भन्दा सम्म परेको पठार जग्गा भएकोले बजार विस्तार गर्न सकिने सम्भावना हेरेको पाईन्छ ।

कोरल्ला नाकाको अवस्था:-

जसलाई आधिकारिक नेचुङ् लिजी भनिने कोरलापास नाका धेरै समय अघिदेखि मुस्ताङका वासिन्दा र चीनको स्वशासित क्षेत्र तिब्बतको ढोवाङसेनका वासिन्दाले आफ्नो आवश्यकताको आधारमा प्रयोग गरेको पाउन सकिन्छ । यो नाकालाई आधिकारिक रूपमा अघि बढाउन पहल भन्सार खोलेर वि.सं. २०३२ सालमा सुरू गरियो सो समयमा उठेको राजस्वको विषयमा विवरण पत्ता नलागेपनि त्यसताका नै खम्पा विद्रोह भएपछि यो नाकामा समस्या सृजना भयो यो नाकामा दुबै देशबाट कडाई भयो । सन् १९७४ मा भएको खम्पा बिद्रोहले नाकालाई प्रभावकारी रूपमा अघि बढाउन जटिलता थपियो । अहिले सो ठाउँमा भन्सार कार्यालय स्थापना भएको छ । ४० वर्षपछि प्रभावकारी रूपमा सञ्चालन भएको नेचुम् भन्सार कार्यालयबाट गत असारमा करिव डेढ लाख राजस्व संकलन भयो । यसले नाका सुचारू छ र सहजै सञ्चालन गर्न सकिन्छ भन्ने अवगत गराउँछ । करिव ४५० देखि ५०० को संख्यामा सवारी साधनहरू चीनबाट आयात गरी मुस्ताङमा प्रयोग गरेको, चाउचाउ, फलामका बस्तु, लत्ता कपडा, काठ र काठजन्य वस्तु चीनबाट आयात गर्ने गरेको र नेपालले खाद्यान्न विशेषगरी कच्चापदार्थ निर्यात गर्ने गरेको अहिलेको अवस्था छ ।

नाका सुचारू हुनको लागि आधारभूत कार्यालय भन्सार कार्यालय, अध्यागमन कार्यालय, क्वारेण्टाईन, सिमा सुरक्षा कार्यालय र सिमा प्रशासन कार्यालय हुन्, जसमध्य अध्यागमन कार्यालय मुस्ताङमा नरहेको तर अन्य सबै रहेको अवस्था छ । क्वारेण्टाईन खाद्य मात्र रहेकोले यसको सेवा क्षेत्र विस्तार गर्नुपर्ने हुन सक्ला भने अध्यागमन जिल्ला प्रशासन कार्यालयले हेर्न सक्ने अवस्था रहेको छ ।

सिमा नाकादेखि ३० किलो मिटरको दुरीमा बसोबास गर्ने नागरिकले सिमा वारपार आवतजावत गर्नको लागि राहदानी आवश्यक नपर्ने दुई देशको समझदारी अनुसार यस नाकामा आवतजावत सहज हुने गरेको भएपनि वि.सं. २०६० देखि ६३ सम्मको समयमा चीनियाँ क्षेत्रमा १० फुट अग्लो तारवार लगाएर गेट बन्द गरको अवस्थाले यो सहजता हटेको स्थानीयहरू बताउँछन् । नेपालतर्फको आवगमनको अवस्थालाई हेर्ने हो भने सडकको सहज पहुँच विकास हुन नसके पनि कच्ची सडक वनेको छ । चीनतर्फ पनि नाका खुलेको अवस्था छ । लोमान्थाङबाट तिब्बतको ढोवाङ्सेन जिल्लाको सदरमुकाम बजारसम्म करिव १ सय ५० कि.मि सडक रहेपनि सागा बजारसम्म करिव ४० किलोमिटर सडक पार गर्दा पुग्ने विभिन्न श्रोतमा उल्लेख भएको पाउन सकिन्छ । तिब्वतको सागा सहरबाट यो नाकासम्म ट्रकहरूको आवतजावत हुन्छ । विशेषत सागा तिब्वतको दक्षिणी राजमार्गमा पर्ने शहर हो । कोरलापास नाकामा मुस्ताङको जोमसोमबाट करिव १ सय १३ कि.मि. रहेको र बन्दै गरेको यो प्रदेशको हुनेवाला केन्द्र पोखरासम्म करिव २ सय ७० कि.मि. रहेको छ । वसोवासको दृष्टिले दुवैतर्फ पातलो वसोवास र हिउँ पर्ने समयमा कठिन आवागमनको अवस्थामा यो नाका अवस्थित रहेको छ । मुस्ताङको जोमसोम, म्याग्दीको बेनी, बागलुङको बागलुङ, पर्वतको कुस्मा हुँदै कास्कीको पोखरा यस क्षेत्रका बजार व्यापारिक केन्द्र हुन् । नेपालको केन्द्र सरकारले विशेषगरि पर्यटन प्रवर्द्धनको दृष्टिले यो नाकालाई विस्तार गर्न खोजेको देखिएपनि यस भेगका नागरिकले व्यावसायीक रूपमा यसलाई अगाडि बढाउँने मनसाय बोकेको देखिन्छ ।



राष्ट्रिय रणनीतिक महत्वमा नेचुङ् लिजी कोरलापास

यो नाका राष्ट्रिय महत्वमा पर्न नसकेको नाकाको रूपमा पाउन सकिन्छ । भौगोलिक अवस्थितिले तुलनात्मक रूपमा सहज हुँदाहुँदैपनि यो क्षेत्रको आवश्यक पहल कदमीको कमी र केन्द्रको वेवास्तामा यो थिल्चियो । सन् २००३ सालमा यो नाका खोल्न प्रस्ताव भयो । तर यो धेरै अघि बढेन । पटक-पटक यो नाकाको विषयमा कुरा उठेपनि यसको खास काम अगाडिबढेन । तत्कालिन प्रधानमन्त्री डा. वावुराम भट्टराई र चीनका प्रधानमन्त्री वेन जिया वाओबीच २०६८ माघमा ६ वटा नाका खोल्ने सम्झौतामा यो नाका पनि परेपछि यो काम अघि बढ्यो । जसमध्य तिनवटा नाकालाई आन्तरिक र तिन वटालाई अन्तराष्ट्रिय रूपमा विकास गर्ने सरकारले योजना बनायो (हेर्नुहोस् तालिका) ।

क्र.सं.	नाकाको नाम	ठाउँ जिल्ला	प्रकार	अवस्था
१.	तातोपानी -खासा	सिंधुपाल्चोक	अन्तराष्ट्रिय	आंशिक
२.	यारी -पुरान	हुम्ला हिल्सा	अन्तराष्ट्रिय	नखुलेको
३.	रसुवागढि - केरुङ्	रसुवा	अन्तराष्ट्रिय	खुलेको
४.	मेचुङ् - लिजे कोरलापास	मुस्ताङ	राष्ट्रिय	आंशिक
५.	यारी	हुम्ला	राष्ट्रिय	नखुलेको
६.	ओलाङ्चुगोला	ताप्लेजुङ्	राष्ट्रिय	नखुलेको

थप तिन नाकामा
लामावगर - दोलखा
छेकम्पार, लार्के – लार्के

सरकारले प्रधानमन्त्री स्तरबाट नै कोरलापास नाकालाई अघि बढाउने प्रतिवद्धता र सम्झौता अघि बढेपनि तुलनात्मक रूपमा यसको विकासको काम ज्यादै ढिलो भएको महशुस हुने गरेको छ । यसमा स्थानीयको पहलकदमी बढाउन सके छिटो सम्भव देखिएको छ ।

सडक सञ्जालमा यो नेचुङ् लिजी कोरलापास

यी ६ वटा नाकासँगै सरकारले थप ३ वटा नाका खुलाउन चीनसँग प्रस्ताव गरेको छ । तर हालसम्मको सडक सञ्जालको दृष्टिले अन्य दुई थप नाकासँगै आठवटा नाका बढी प्रभावकारी देखिएका छन् । नाका खुल्नुसँगै उत्तर दक्षिणको सिधा पहुँचको विषयपनि जोडिएर राष्ट्रिय रणनीतिक योजना बन्ने गरेका छन् । जस अनुसार चीन र भारतसम्म सिधा पहुँच कसरी विकास हुन्छ भन्ने विषय हो । यसको अर्को मनासाय भनेको चीन र भारतकाबीच हुने व्यापारिक तथा पारवाहनमा स्थलमार्गको प्रभावकारी सेतु बन्ने विषयपनि हो । यस दृष्टिले मुख्यगरी तिन मार्ग बढी सम्भावित मार्गमध्य पर्ने गर्दछन् । तिनवटा उत्तर दक्षिण जोड्ने मार्ग राष्ट्रिय गौरवको योजनाअर्न्तगत २०६६ वाट अघि बढेका छन् । कोरलापाससँग जोडिएको कालिगण्डकी कोरिडोर सबै भन्दा छिटो र तुलनात्मक रूपमा सुरक्षित र लाभदायक देखिएको छ । सडक विभागकअनुसार यो नाकामा अबको एक वर्षमा राम्रोसँग सवारीसाधन गुड्न सक्छ । यो रूपन्देहीको बेलहियादेखि मुस्ताङसम्मको सडकको मुस्ताङ खण्डमा जम्मा दुई किलोमिटर मात्र ट्र्याक खोल्न बाँकी छ । खुलेको ठाउँमा स्तरउन्नतीको काम विभागले थालेको छ । ४ सय ६ किलोमिटरको यो सडक तुलनात्मक रूपमा कम पहरा भएको पहिरो जाने ठाउँ कम भएकोले उत्तर दक्षिणको स्थायी नाकाका रूपमा विकास गर्न सकिने सम्भावना रहेको छ । दक्षिणमा वुटवल देखि भैरवाह सम्मका ठुला शहर हुनुले उत्तरको आयातलाई दक्षिणमा निर्यात गर्न सकिने धेरै संभावना रहेको छ । उता पोखरावाट देशभर यहाँको आयातलाई फिंजाउन पनि सकिने भएकोले प्यापारिक दृष्टिकोणले पनि धेरै लाभदायक रहेको पाउन सकिन्छ । उता मध्यपाहाडी राजमार्ग समेत यसको बागलुङ खण्डमा जोडिने भएकोले यसको अर्को दिर्घकालिन सुनौलो विकल्प रहिआएको छ । हिमपातको समयमा समेत जोमसोम वा वेनी, वागलुङ र कुस्मा जस्ता व्यावारिक केन्द्रमा सामान आयात र निर्यातको गर्न सकिने संभावना रहन्छ ।

अन्य मार्गको तुलना :

कोसी राजमार्ग:- योपनि उत्तर दक्षिण जोड्ने मार्ग हो । यो अबको दुई वर्षमा खुल्ने छ । मोरङको रानीदेखि संखुवासभाको किमाङ्थांका जोड्ने यो मार्ग ३ सय ४० किलोमिटरमा ७५ किलोमिटर ट्र्याक खुल्दै छ । चीनको रियुमा यो जोडिन्छ । यो चीनको पनि धेरै प्राथमिकतामा परेको मार्ग मध्य पर्छ यो भारतसम्म पनि छोटो दुरीमा पर्ने भएकोले यो नेपाल चीन र भारत तिर व्यापार गर्न सहज वन्ने आंकलन गरिएको छ ।

कर्णाली राजमार्ग:- सुदूर क्षेत्रको कठिन भूगोलमा आधारित उत्तर दक्षिण राजमार्ग हो । नेपालगञ्जको जमुनाह नाकादेखि हुम्लाको हिल्सामा जोडिन्छ । यस सम्पन्न हुनका लागि कम्तिमा पाँच वर्ष लाग्छ । यो ६ सय ८२ किलो मिटर उत्तर दक्षिण जोड्ने सबैभन्दा लामो सडक हो । यो १२ किलो मिटर धेरै कठिन ट्र्याक खोल्न बाँकी छ । यो सडक खुलेमा चीनको सहर ताक्लाकोटसँग नेपालको व्यापार विस्तार हुने छ । यहाँ अन्य राजमार्गको तुलनामा कालिगण्डकी राजमार्ग धेरै सहज र सफल देखिन्छ । यसले कोरलापासलाई सहज वनाउँछ ।

आठ वटा राष्ट्रिय रणनीतिक महत्वका नाका

यसमा पनि नेचुङ् लिजे नाका प्राथमिकतामा रहेको पाउन सकिन्छ । अहिलेको नेपालको परिस्थितीको राम्रो लाभ लिएर नागरिक र राजनीतिक तहमा पहलकदमी गर्न सकेमा यो छिटो खुल्ने र यसको फाईदा यो भूगोलको नागरिकले प्राप्त गर्न सकिने सम्भावना रहेको छ ।

क्रश	नाकाको नाम	उच्च भाग मि	सडक किमि	सिमानादेखि चिनका सहर	शहर संख्या
१.	ओलाङचुङ गोला, ताप्लेजुङ	५०९५	३९१	केचना - ल्हासा	७ वटा
२.	किमाथान्का , खाँदवारी	२२४८	३४०	विराटनगर - सिगात्से	६ वटा
३.	लाप्चे, चरिकोट दोलखा	४०९१	२९१	विर्तामोड - न्यालम	६ वटा
४.	तातोपाली, सिंधुपाल्चोक		२५७	विरगंज - खासा	४ वटा
५.	रसुवागढि , रसुवा		३४१	विरगंज - केरुङ	८ वटा
६.	मेचुङ्-लिचे कोरलापास मुस्ताङ	४८७१	४०६	वेलहिया - सागा ढोवाङ्सेन	७ वटा
७.	हिल्सा	५०१२	६८२	नेपालगञ्ज	७ वटा
८.	टिंङ्कर	५०१२	३९२	व्रहमञ्ची	४ वटा

नेचुङ् लिजी कोरलापास सञ्चालनका चुनौती :

१) सडकको कमजोर अवस्था, मालवाहक सवारी साधन ओहोर दोहोर गर्न नसक्ने अवस्था ।

२) बढी चिसो र हुरीका कारण आवगमनमा समस्या सृजना हुन सक्ने ।

३) व्यापारिक तवरले चिनतर्फ र नेपालमा के कस्ता सामान आयात र निकासी पैठारी गर्न सकिने भन्नेमा अध्ययन नहुनु ।

४) सवल राजनीतिक नेतृत्वको कमी । आवश्यक पहलकदमी हुन नसक्नु ।

५) भौगोलिक विकटता । जनघनत्व ज्यादै कम ।

६) चिनतर्फ आवश्यक कार्यालय स्थापनामा चासो कम ।

७) जागरूक नागरिक समाजको अभाव।

नेचुङ् लिजी कोरलापासका अनुकुलता:

१) हाल प्राय सबै आवश्यक कार्यालय सरकारकोतर्फबाट स्थापना भएको ।

२) दुबै देश प्रवेशको नाका ज्यादै सजिलो र सहज पठार जमिनमा अवस्थित रहनु ।

३) कालिगण्डकी कोरिडोर राष्ट्रिय गौरवको योजना भई करिव सम्पन्न हुने अवस्थामा जसले गर्दा सडक सुविधा र अन्तराष्ट्रिय आवगमन अनुकुलता ।

४) विकास भई सकेका व्यापारिक ठाउँ र पर्यटन पर्वधनको लागि उपयुक्त स्थान अवस्थित ।

५) वाणिज्य विभाग वाट नाका सञ्चालनका लागि परराष्ट्रमा पत्रचार भएकोले सरकारको सामान्य पहलकदमीमा सञ्चालन हुन सक्ने सम्भावना ।

६) भौगोलिक रूपमा अनुकुल सडक सञ्जाल । मध्यपाहाडी सडकले अझै सहज वनाएको ।

यस कार्यक्रमको औचित्य

यो यस्तो समयमा आयोजना भएको कार्यक्रम छ । जसमा राज्यको वाध्यता र स्थानियवासीलाई अनुकुलतामा वदल्ने अवसर प्राप्त भएको समय । दक्षिण नाका वन्दहुँदा मात्र उत्तरतर्फ सोच्ने मनस्थितीको धवलागिरी वासीले अहिले अधिकतम सदुपयोग गर्ने अवसर जुटेको छ । अहिले नगरे यो क्षेत्र फेरी धेरै वर्ष सम्म अन्यौल अवस्थामा रूमलिनु पर्ने छ । यसैले अहिले स्थानिय तहवाट राजनीतिक दल, प्रशासक, उद्योगी व्यावसायी नागरिक समाजको राम्रो पहल कदमी हुँदा सहजै यो सुचारू हुने छ । यसकालागि यो सम्पन्न हुने समय सम्म निरन्तर कामगरिरहन एक समूह यो कार्यक्रमले गठन गर्ने छ । यसवाट यो सदियौदेखिको धवलागिरी वासीको चाहना पुराहुने छ । यसपछि यसका व्यापारिका संभावनाको विषयमा ढोकाखोल्न यो सक्षम हुने छ ।

निचोड

उत्तरी नाका खुलाउन सकेसम्म नखोज्ने र खोजेपनि ज्यादै ढिलासुस्ती गर्ने प्रवुति देखापरेको छ । यसपालीको नाकाबन्दीपछि जुरमुराएको उत्तरर्फ नाका खोल्ने चासोलाई सदुपयोग गर्नसक्नु पर्दछ । नेपालका १५ जिल्ला मध्य मनाङ र धादिङ मात्रै उत्तरी नाका छैनन् । अरू १३ जिल्लामा १८ वटा नाका छन् । मुगु र डोल्पाको नाका नजिक मात्रै हो चीनमा बस्ती छैन । अन्य नाका नजिक वजार नै रहेका छन् । तर नाका खोल्नु भनेको दक्षिणको छिमेकीलाई रूस्ट वनाउनु भनेर वुझ्ने मनस्थिती अव परिवर्तन हुनुपर्छ । धवलागिरी अञ्चल र समग्रमा ४ नं. प्रदेश अनि मुलुकलाई नै फाईदा पुग्ने यो काममा सवैपक्षवाट सहकार्यका साथ अघि वढ्नु अहिलेको आवश्यकता हो । व्यापारिक अनुकुलता, सडकको भरपर्दो अवस्था, भौगोलिक रूपमा सहजता रहेको नेचुङ्–लिजी कोरलापास नाका अन्य नाकाको तुलनामा भरपर्दो र सहज भएकोले यसलाई खोल्नु अपरिहार्य वनेको छ । यसैले धवलागिरीको सम्पदाको प्रवर्धन संगै यो नाका संचालनले यो क्षेत्रको आर्थिक सम्पन्नताको आधार तय गर्ने छ ।

■

नव विकल्प साप्ताहिक
बेनी, म्याग्दी

सम्पादकीय ...

समावेशीताको नमुना उदाहरण

dh'sdf nf]stflGqs u0ftGq :yfkgf ePkl5 /fHosf cu+x?df ;dfj]zLtf emlNsg yfn]sf] 5 . !) jif{]dfcf]jfbL cfGbf]ng / bf];|f] hgcfGbf]ngsf] dWo pknAwL b]zdf nf]stflGqs u0ftGqsf] :yfkgf xf] . cfGbf]ngsf pknAwLx?nfO{ ;+yfut ug{sf nflu hf/L ePsf] gofF ;+ljwfg @)&@ n] /fHosf cu+x?df ;dfj]zLtfnfO{ alnof] agfpg] sfo{ ;+yfut eof] . kl5Nnf] ;do /fHosf]lghfdlt ;]f bl]v ;/sf/ ;~rfng ;Dddf ;dfj]zL rl/q emlNsg yfn]sf]5 . /fHon] clVtof/ u/]sf] ;dfj]zL l;4fGtn] dlxnf,blnt,ckfªu / hghflt ;dbfonfO{lghfdlt ;]fdf kUg]cj;/ l;hg{f ul/lbPsf]5 . o;n]aif{} bl]v /fHodf bl]vPsf] c;dfgtfnfO{tf]8]sf]5 . o; sf ;fy}dh'sdf kl5Nnf] ;do ltg kb'v kbx?df ePsf] kbjxfnLn]gkfnsf] ;dfj]zLnfO{ljZj ;fd'Ps gdg'fsf ?kdf lrlqt ul/lbPsf]5 .

/fHosf]; jf8{r kb, /fi6«ltdf dlxnf, pk/fi6«ltdf hghflt / ;efdv'df hghflt dlxnf lgjf{lrt ePsf 5g\. jiff{}bl]v /fHosf cu+x?df kxF kUg g; s]sf hflt,lnªu / ;dbfo kl5Nnf] ;do /fHosf kd'v cu+df ePsf] ;dfj]zL k|tlglwTjn]lt ;dbfox?df pT;fx 5fosf]5 . /fHosf] ;jf]{r kbdf dlxnfsf] axfnLn] cGt/fli6«o ?kdfdf klg gkfnsf]lz/ pRr ePsf]5 . gkfnsf]Oltxf;df dlxnf pRr kbdf kU]sf] klxnf]xf] . o; sf ;fy}; efd'v h:tf]ul/dfo kbdf klg dlxnf lgjf{lrt ePsL 5g\. b]zsf]bu{d lhNnfdf hGdL /fhgLltdf cfGbf]ngdf ;lqmo Ps dlxnf ;efd'v kbdf lgjf{lrt xg'';du|dlxnfx?sf nflu ;'vb kIfxg';S5. o;f]eGb}ubf{o;n];du|gkfnL dlxnfx?sf]cj:yfdf kl/jtg{ ePsf]5 eGg ;lsbg . gkfnL dlxnfx? cem} klg ;fdflhs,/fhgLlts,;f+s[lts / cfly{s ?kdf k5f8L k/]sf 5g\. pglx?sf]lhjgz}nLdf kl/jtg{ ug{sf nflu /fHo cem}nlrnf]aGgkb{5 . ;dfj]zL l;4fGtnfO{kl0f{?kdf Jojxf/df sfo{fGjog ug{lgDg au{/ ;dbfosf]kxFnfO{lj:tf/ ugkb{5 . pglx?sf] Ifdtf ljsf; ug{/fHon]ljz]if gllt agfpgkb{5 .

/fHon]kl5Nnf] ;do lnPsf] ;dfj]zL l;4fGtn] lgDg ju{,lnªu / ;dbfonfO{/fHosf x/]s ;+/rgfdf kj]zsf] ;lglZrt ul/lbPsf] 5 . t/ of] kof{{eg] 5g . ;dfj]zLn] dfq /fHosf lgsfodf ;dfgkflts k|tlglwTj ;lglZrt ubg{ . To:tf ju{/ ;dbfosf dflg;x?sf] Ifdtf ljsf; ug{klg Wofg lbgkb{5 . hu alnof]eof]eg]dfq 3/ alnof]xG5 . ;dfj]zLsf gfddf u0f:t/nfO{Wofg lbg ;lsPg eg] To;n] dh'snfO{kmfObf kUbg . u0f:t/sf]ljsf;df Wofg lbb};dfj]zLnfO{cem ;+yfut / alnof]agfpg /fHo nfUgkb{5 . kl5Nnf]k6s /fHosf ljlzi6 kbx?df ePsf] ;dfj]zL k|tlglwTjn] gkfnLsf] ;fgnfO{pRr agfPsf]5 .

l6Kk0fL, k|ltlqmof / ;'emfj

नवविकल्प साप्ताहिकमा छापिएका लेख,समाचार, वा अन्य सामाग्रीमाथि आफूलाई लागेका विचार, धारणा पठाउनुहुन अनुरोध छ । स्वच्छ र सटिक तथा आलोचनात्मक टिप्पणीलाई प्राथमिकता दिइनेछ ।

सम्पर्क:
bikalpanews@gmail.com
फोन : ०६९-५२०९९५ मो.नं. : ९८४७६२४२८६

नन्दकिशोरको नाफाको जीवन



दिल निशानी मगर

२०४३ सालतिर आफ्नै गाँउ रोल्पाको राङसीमा शिक्षक बनेर विद्यार्थी पढाउने नन्दकिशोर पुन मगर (पासाङ) २०७२ सालमा आइपुग्दा उनी नेपालको उपराष्ट्रपति बनेका छन्। तर शिक्षक र उपराष्ट्रपति बाहेक अरु धेरै चिजको उपमा उनको जीवनसँग गाँसिएको छ। ती उपमाहरु समयक्रम सँगै थपिएका छन्, खोसिएका छन्,बदलिएका छन्। बटालियन कमिसारबाट बदलिएर उनी बटालियन कमाण्डर बन्न पुगे, बिर्गेड कमान्डर,डिभिजन कमान्डर र डेपुटी कमाण्डर हुँदै तत्कालीन माओवादी जनसेनाको प्रमुख कमाण्डरसम्म बने।

तर यी बदलिएका उपमा र समयहरु नन्दकिशोरको लागि सहज थिएनन्। शान्तिकालको प्रारम्भपछि प्रमुख कमाण्डरको भूमिकामा अस्थायी शिविरमा बसिरहेका उनी भन्ने गर्थे ‘ हामीहरू नाफाको जीवन बाँचिरहेका छौ।’ जनयुद्धमा उनको टाउकाको मूल्य तोकियो, शान्तिकालमा टाउकोको मुल्य रहेन। सायद उनले यसैलाई नै नाफाको जिन्दगी भनेका होलान्। कुनै समय यस्तो पनि थियो - प्रहरी र सैनिकले उनको घर महिनामा १५ पटक खानतलासी गर्थे र वर्षमा २ र ३ पटक तोडफोड। यो खानतलासी र तोडपोडको कुरा २०५२ सालपछिको होइन, २०४८ साल अघिकै हो।

कम्तिमा २० भन्दा धेरै सरकारवादी झुठा मुद्दाले निकै आजित बनेका उनी लिवाङ पुलिस थानाको हिरासतमा बस्ने,निस्कने गरिरहेका हुन्थे। २०३८सालमा लिवाङमा स्कुल पढ्दै गर्दा अखिलको उप केन्द्रिय सम्मेलनको रोल्पा जिल्ला प्रतिनिधि भएपछि विद्यार्थी भएर पनि कम्युनिष्ट राजनिति गर्ने ? भन्दै उनले धेरै हपकिदप्की सहनु पऱ्यो । २०४१ सालमा थवाङको प्रहरी थानामा ३ दिनसम्म पिटाई खाए। तर जति पिटाई खाएपनि विकट पहाडको दुःख, गरिबि, अशिक्षा र भोकमरीको समस्यालाई वर्गीय रूपमा नियालिरहेका थिए नन्दकिशोरले। उनी स्वंय पनि निकै गरिब परिवार जन्मेका थिए। यस्तो चपेटाको हल क्रान्ति बाहेक अरू हुन सक्दैन भन्ने उनलाई लाग्थ्यो।

२०४६ सालमा क्याम्पस पढ्न दाङ पुग्दा उनी लक्का जवान देखिन थाले। र उनको युवा दिमाखमा सुरोपना आयो। सुरोपना भनेको भूमिगत हुने हो तर गुफा भित्र लुकी रहने भन्ने मात्र होइन। भूमिगत जीवनमा मौका हेरेर प्रतिकार गर्ने हो, योजना बनाउने हो, बदलाको भावमा काम गर्ने हो। २०४८सालमा नन्दकिशोर भुमिगत भए अनि २०५१ मा आफ्नै गाँउको चप्का मेला हेर्न गएको बेला प्रहरीले उनलाई गोली हान्यो। उनी साथीभाइसँग मौलिकनाच पैसेरू नाचिरहेका थिए, ड्याम्म गोली पड्कियो। कसो-कसो गरेर उनि उम्किए, तर उनलाई जोगाउन खोजेका अन्य दुईजना युवा लोकबहादुरघर्ति र मन बहादुर पुनको गोली लागेर मृत्यु भयो।

मृत्युको मुखबाट मुस्किलले बाँचेका उनले अब भने विजय प्राप्त नगरी बाहिर ननिस्कने प्रण गरे। २०५२ सालमा त जनयुद्धको घोषणा भैहाल्यो। त्यही युद्धको थालनी गर्दा निर्माण गरेको लडाकु दलको कमाण्डर पनि उनी नै हुन्। गाँउको स्कुलमा शिक्षक बनेर समाजसेवा गरिरहेका नन्दकिशोरलाई परिस्थितिले कमाण्डरको बाटोमा धकेलिदियो अनि हात-हतियार प्रविधिको खोजमा लागे। कालोपाटीमा चकले क, ख, ग, पढाइरहेका उनी थ्री नट थ्री राइफल, एसएमजी, सकेट बम, ट्वेल्बोर जस्ता हतियार आफैं बनाउन थाले। उतिबेला जनमुक्ति सेनाले प्रयोग गरेको ८१ एमएमको मोटार र त्यसमाप्रयोग गरिने सेलहरू उनकै निर्देशनमा बनेका हुन् ।

कतिपय मानिस भन्छन् युवा अवस्थामै जंगल पसेको नन्दकिशोर खासै पढे लेखेको छैन। तर यो अनुमान सत्य होइन। युद्धमा शैन्य शिक्षालाई विकास गर्न रामायण र महाभारत धेरै पटक पढेका छन्। शितयुद्धका किताब पढेका छन्। भूगोल र निश्चित स्थानको रेकी गर्नमा माहिर उनले एउटा माटोको ढिस्कोमा म्याग्दी सदरमुकाम बेनीको भूगोल उतारेका थिए। कुशल सैन्य प्रशिक्षक भएर पनि होला उनि पटक-पटक मृत्युको मुखमा पुगेर समेत बाँचे। तत्कालीन समयमा माओवादी लडाकु र सरकारी फौजबीच भिडन्त हुँदा प्रत्येक पटक पासाङको मृत्यु भएको दाबी रेडियोमा बाचन हुन्थ्यो।

युद्धमा नन्दकिशोर मुलत ः पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको दाहिने हात जस्तै थिए। प्रचण्डले जे भने पनि आदेश पालना गर्ने, मुखले बोलेर भन्दा ब्यवहारबाट पुष्टि गर्ने उनको स्वभावका कारण प्रचण्डले उनलाई आफूपछिको दोश्रो सैन्य कमाण्डरको रूपमा खडा गराएका थिए। इमान्दार, कुनै ठूला विवादमा नफसेका र धेरै महत्वकांक्षा नबोकेका माओवादी लडाकुका कमै कमाण्डरमध्येका एक नन्दकिशोर जनुद्धमा भएका प्रायः सबै ठूला-ठूला युद्धमा प्रत्यक्ष कमाण्डरको भूमिकासहित युद्ध मैदानमा खटेका हुन्। मिलिसियादेखि जनसेनाकोको निर्माण, तिनको विकास र परिचालन तथा कम क्षतिमा ठूलालडाई सम्पन्न गराउने उनको विशेषता थियो।

२०५८ सालको चैत्र २४ गते राति ११ बजे रोल्पाको गाम गाविसमा रहेको तत्कालीन शाही नेपाली सेनाको ब्यारेक आक्रमण उनकै योजना र कमान्डमा भयो। त्यसैगरी २०५८ फागुन ४ गते अछामको मंगलसेनमा पनि आक्रमण गराए। २०६० चैत्र ७ गते म्याग्दी सदरमुकाम माथिको भिषण आक्रमण पनि उनकै कमाण्डमा भएको थियो। यी सफल युद्धबाट प्रशस्त हात हतियार, गोली र नगद संकलन गरेर युद्धको उचाई अझै विकसित हुँदैगर्दा काठमाडौं नजिकै थानकोटमाथि आक्रमण हुन थालेपछि खासगरी तत्कालीन कांग्रेस सभापति गिरिजाप्रसाद कोइरला, एमाले महासचिव माधवकुमार नेपालको पहलमा दिल्लीमा १२ बुँदे सहमतिको थालनी भयो।

ऐतिहासिक चुन्वाङ बैठकपछि तत्कालीन माओवादीले शान्तिको कार्यनीति र विद्रोहको रणनीति लिएर एक पटक शहर पस्ने निर्णय गऱ्यो। र त्यसको जग थियो त्यही १२ बुँदे सम्झौता। अहिले शान्ति प्रकृया नै गलत थियो भन्नेहरूलाई त्यही १२ बुँदे सम्झौता मन नपरेको हो। मुलतः चुनवाङ बैठकको सार भनेको शहर पसेर भासिने वा संसदीय ब्यवस्थामा जाकिने भन्ने थिएन। बरु शान्ति र संविधानको चक्मा दिएर सडक र सदनमा संघर्ष बढाउने र जनविद्रोह सम्पन्न गर्ने थियो। जस अनुरूप थुप्रै लडाकु र तिनका कैयौं होनाहार कमाण्डरलाई वाइसिएलको रूपमा विकास त गरियो तर योजना असफल हुँदै गएपछि ती सबै तितरबितर बने। यद्यपी प्रचण्ड लडाकुको सर्वोच्च कामण्डरको पद त्यागेर पार्टी अध्यक्ष मात्र बने र नन्दकिशोर लडाकुको सर्वोच्च कमाण्डर।

प्रचण्डले शान्ति, शान्ति र फेरि पनि शान्ति भट्याउन थालेपछि राजनैतिक विचारधारामा गम्भीर मतभेद पैदा हुन पुग्यो। र शान्तिकाल लागेपछि धेरै लडाकु कमान्डरले प्रचण्डको साथ छाडे, अर्का प्रभावशाली कमाण्डर नेत्रविक्रम चन्दले नयाँ पार्टी खोलेर चुनौति नै दिए। कोही सुन तस्करी काममालागे, कोही यार्सागुम्बा र रक्तचन्दन ब्यापार तथा लुटपाटमा लागे तर नन्दकिशोरले प्रचण्डको साथ कहिल्यै छाडेनन्। हुन त प्रचण्डको साथ छाड्ने कतिपय कमान्डरसँग राजनैतिक मतभिन्नता र सैद्धान्तिक दृष्टिकोणका आधार पनि फरक थिए तर नन्दकिशोर र प्रचण्ड शान्ति सम्झौतालाई जसरी पनि समापन गरेर एक थान संविधान घोषणा गर्न लागिपरेका हुन्। नन्दकिशोरले सेना संमायोजन गर्न हुन्न भनेर कहिल्यै भनेनन्।

प्रचण्ड माओवादीले शान्ति प्रकृयालाई अक्षरशः पालना गरेसँगै सेना समायोजन जस्तो महत्वपूर्ण काम सम्पन्न भयो तर निकै नै कम समयाका लडाकुलाई नेपाली सेनामा राखियो। अन्य बाँकी सरकारी राहत बुझेर आआफ्नो बाटो लागे। जोड्न खोजेको कुरा के हो भने सेना समायोजन निकै संवेदनशील विषय थियो,तर नन्दकिशोरले सुझबुझको प्रयोग गरेर हलको बाटोमा रोडम्याप देखाइदिए। अन्यथा शिविर भित्रै रक्तपातको अवस्था बन्नैलागेको थियो जुन कुरा अहिलेसम्म मिडियामा आएको छैन। र सेना समायोजनको काम पूर्ण रूपमा समापन भएपछि उनी पार्टीको राजनितिमा लागेपार्टीको स्थायी समिति सदस्यका रूपमा ।

तर उनको स्वास्थ्यमा अचानक गडबडी उत्पन्न भयो। असजिलो महसुस गरेपछि २०६९ जेठ १७ मा उनी जोरपाटि स्थित नेपाल मेडिकल कलेजमा जाँच गर्न गए । त्यहाँ उनको आइसियुमा राखेर उपचार भयो । अनि डाक्टरको रिपोर्ट आयो उनका दुबै मृगौला काम गर्न नसक्ने भएका रहेछन्। डाक्टरले विदेश उपचार गर्न जान सल्लाह दिएपनि उनले मानेनन्। नेपाल मै मर्छु तर उपचार गर्नको लागि विदेश जान्नँ भन्ने उनको विचार थियो।अर्को राज्यको ढुकुटी खर्च गरेर व्यक्तिको उपचार गर्न हुँदैन भन्ने उनको मान्यता थियो। बिरामी अवस्थामै दोश्रो संविधान सभाका लागि काठमाडौंक्षेत्र नम्बर ४ बाट उम्मेदवारी दिए र तर चुनाव हार्नुपऱ्यो । अर्को कुरा रोल्पाको मानिस काठमाडौंबाट चुनाव लड्नु सामान्य कुरो पनि थिएन।

उनले चुनाव हारेपनि संविधान निर्माणमा उनको भूमिका सधै प्रसंशनिय नै रह्यो। प्रचण्डलाई अनेक कोणबाट मद्दत दिए, ढाडस दिए। संविधान घोषणा पश्चात् घरेलु राजनीति बाह्य शक्ति सन्तुलनको समिकरणमा देखा परेको आकस्मिक फेरबदलको अवस्थामा पनि उनी डगमगाएका थिएनन्। तर एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री हुने गरी एमाओवादी सरकारमा जाने भएपछि उनी मन्त्री हुने वा नहुने भन्ने बारे धेरै कोकोहोलो भयो। चुनाव हारेकालाई मन्त्री बनाउँदा संवैधानिक संकट देखिने हुँदा उनी उपराष्ट्रपतिको उम्मेदवार बन्ने कुरा पार्टीले निर्णय गऱ्यो । तर यो निर्णय कतिपय एमाओवादीकै नेता, एकजना पूर्व सेनापति र अन्तराष्ट्रिय शक्तिलाई मन नपरेका कारण बुधबारका लागि निश्चित भएको चुनाव तालिका उपराष्ट्रपतिका लागि मात्र शनिबार सारिएको सूचना टाँस भयो।

सभामुख ओनसरी घर्तीको हस्ताक्षरमा टाँस गरिएको उक्त सूचनामा प्रस्ट कारण नखुलाईए पनि कतिपयले उनलाई उपराष्ट्रपति हुन नदिनको लागि चलखेल गर्ने समय छुट्टाएको तर्क गर्न थालेका थिए भलै त्यो तर्क गलत साबित भयो। नेकपा एमालेसँगको सरकार गठनको सहकार्यका सन्दर्भमा नेता कार्यकर्ताहरुबीच मत मतान्तर के छन् ती कुरा प्रचण्डका लागि खासै महत्वपूर्ण कुरा त भएनन तर उनले एउटा जनजातिको छोरा जसले हिजो युद्धमा त्याग, बलिदान र दुःख गऱ्यो, जोखिम उठायो र केही सकरात्मक परिवर्तनको निम्ति जीवनको अमूल्य समय खर्च गर्यो उसलाई उपराष्ट्रपति बनाएर सम्मान गरेका छन्, मर्यादा राखेका छन् ।

यसरी लामो संघर्षको दौड, अविचलित जीवन गाथा, प्रतिस्पर्धा र नेपालमा भएका ठोस परिवर्तनको मुख्य संवाहकको नाताले आखिरमा नन्दकिशोर उपराष्ट्रपति बनेका छन्। अर्थात् देशकै दोश्रो बरियातक्रममा रहेको एउटा सम्मानित पदमा उनी आसिन भएका छन्। उनलाइ यो पद दिएर नेपाल र नेपाली माथि ठूलो अन्याय भयो जस्तो मलाई लाग्दैन। हुन त एकदिन फल काटेर खान पाइन्छ होला भनेर उनी जीवन मरणको युद्धमा होमिएका हुँदै होइनन्। आम गरिब, पीडित र शोषित जनताको पक्षमा नै उनले जीवनको मुख्य हिस्सा सुम्पेका हुन्। बरू उहिले उनको शान,मान र प्रतिष्ठा जति थियो,त्यो अहिले नहुन सक्छ। उनकै शब्दमा यो त उनको नाफाको जिन्दगी न हो।

■

> ... लामो संघर्षको दौड, अविचलित जीवन गाथा, प्रतिस्पर्धा र नेपालमा भएका ठोस परिवर्तनको मुख्य संवाहकको नाताले आखिरमा नन्दकिशोर उपराष्ट्रपति बनेका छन्। अर्थात् देशकै दोश्रो बरियातक्रममा रहेको एउटा सम्मानित पदमा उनी आसिन भएका छन्। उनलाइ यो पद दिएर नेपाल र नेपाली माथि ठूलो अन्याय भयो जस्तो मलाई लाग्दैन। हुन त एकदिन फल काटेर खान पाइन्छ होला भनेर उनी जीवन मरणको युद्धमा होमिएका हुँदै होइनन्। आम गरिब, पीडित र शोषित जनताको पक्षमा नै उनले जीवनको मुख्य हिस्सा सुम्पेका हुन्। बरु उहिले उनको शान,मान र प्रतिष्ठा जति थियो,त्यो अहिले नहुन सक्छ। उनकै शव्दमा यो त उनको नाफाको जिन्दगी न हो।

इन्टरनेटको पहुँच विस्तार गर्न मोनाले सहयोग जुटाउने

■ नवविकल्प

फ्रि वाईफाई जिल्ला बनाउन म्याग्दी प्रवासी नेपाली संघ (मोना) अन्र्तराष्ट्रिय कार्यकारी समितिले सघाउने भएको छ । कात्तिक २ र ३ गते म्याग्दीको सदरमुकाम बेनीमा सम्पन्न प्रथम सम्मेलनबाट जारी गरिएको घोषणापत्रको ६ नंबर बुँदामा डिजिटल साक्षरता अभियान्ता महाविर पुन एवम् जिल्ला विकास समिति म्याग्दीको सक्रियतामा सुरु भएको अभियानलाई प्रवासबाट सहयोग जुटाउने प्रतिबद्धता जनाइएको छ ।

'म्याग्दी जिल्लाको प्रतिष्ठाको विषय हो, हामीले यसलाई सफल बनाउन निरन्तर लागि पर्नेछौं' मोना आईसीका कोषाध्यक्ष चक्र थापाले भने । उनले महाविर पुनलाई प्रथम अतिथिका रुपमा सम्मेलनमा बोलाएर जिल्लाकै महत्वपुर्ण योजनामा सहयोग जुटाउने वातावरण बनाइएको बताए । बेनी नगरपालिका सहित जिल्लाका सबै ३५ गाविसका गाउँमा इन्टरनेट पुऱ्याउने र हरेक गाउँमा इन्टरनेट सेन्टर र आधुनिक र गुणस्तरिय स्वास्थ्य सेवाका लागि काठमाण्डौमा रहेका प्रतिष्ठित अस्पतालसंग सहकार्य गरी टेलिमेडिसिन सेवा समेत सुरू गर्ने योजना रहेको छ ।

जिल्लालाई सुचना र प्रविधिमा नमुना बनाउन सकेमा आन्तरिक तथा बाह्य पर्यटक तथा अवलोकनकर्ता समेत बढ्ने र त्यसले पर्यटन क्षेत्रलाई समेत सघाउने भएकाले पनि यो अभियानमा सहयोग गर्न महाविर पुनले नै अनुरोध गरिसकेका छन् । मोना आईसीले यो अभियानको जिम्मा संस्थापक अध्यक्ष एवम् संरक्षक प्रकाश पुनलाई संयोजक तोकेको छ ।

जिल्लाभर इन्टरनेट पुऱ्याउन हटस्पट सहित टावर, सोलार, जेनेटर लगाएतका उपकरण सहित करिव २ करोड ५० लाख रुपियाँ लाग्ने अनुमान गरिएको छ । नेपाल दुरसञ्चार प्राधिकरण कोष, जिविस म्याग्दी, गाविस, गैरसरकारी संस्था र स्थानीयस्तरबाट समेत सहयोग संकलन गरिने छ । मोना आईसीले आफ्नो १८ बुँदे घोषणापत्रमा यसलाई महत्वपुर्ण र कार्यान्वयनमा प्राथमिकतामा राखेर अन्य बुँदालाई समेत क्रमश अगाडी बढाउने जनाएको छ ।

प्रवासी नेपाली संघ तथा सरोकारवालाबीच छलफल

■ नवविकल्प

म्याग्दी प्रवासी नेपाली संघ
अन्तर्राष्ट्रिय कार्यकारी समिति
सम्मान तथा अन्तरक्रिया कार्यक्रम
२०७२ कार्तिक १२
बेनीबजार, म्याग्दी

जिल्लाको विकासका लागि म्याग्दी प्रवासी नेपाली संघ अन्तर्राष्ट्रिय कार्यकारी समितिको आयोजनामा सदरमुकाम बेनीमा सरोकारवालाबीच छलफल गरिएको छ । जिल्लाको विकासका लागि प्रवासी म्याग्देलीहरूको भूमिकाका वारेमा यहाँका सरोकारवाला निकायहरू सँग छलफल गरिएको हो ।

म्याग्दीका प्रमुख जिल्ला अधिकारी सागरमणि पाठकले जिल्लाको सामाजिक कार्यमा प्रवासीहरूको भूमिका महत्वपूर्ण रहेको भन्दै आर्थिक विकासका लागि पनि लगानी गर्नुपर्नेमा जोड दिएका थिए । सोही कार्यक्रममा बोल्दै स्थानीय विकास अधिकारी चिरञ्जीवी पौडेलले जिविस, उद्योग वाणिज्य संघ र मोनाको संयुक्त पहलमा जिल्लाको विकास गरिनुपर्ने आवश्यकता औंल्याएका थिए । यसका लागि आवश्यकता अनुसार समितिहरू गठन गर्न सकिने भन्दै उनले यसतर्फ सरोकारवालाको ध्यान पुग्नुपर्ने बताएका छन् ।

प्रहरी नायव उपरीक्षक हिराबहादुर गिरीले गाउँगाउँमा आयोजना गरिने मेलापर्वमा बिकृती बढ्दै गएको भन्दै मेलाको नाउँमा चन्दा दिने तर त्यसको सदुपयोग भएनभएको बारे ध्यान नदिँदा समस्या भैरहेको बताएका थिए । वैदेशिक रोजगारका कारण पारिवारीक बिखण्डन बढ्दै गएकातर्फ चिन्ता ब्यक्त गर्दै प्रनाउ गिरीले यसतर्फ पनि ध्यान दिनुपर्ने आवश्यकता औंल्याएका थिए ।

नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य प्रमोद श्रेष्ठले आफूहरूले निर्माण गर्न लागेको २५ मेगावाट क्षमताको म्याग्दीखोला जलविद्युत आयोजनामा लगानी गर्न मोनाका पदाधिकारीलाई आग्रह गरेका थिए ।

कार्यक्रममा बोल्ने अधिकांश सहभागीहरूले कृषि, जलविद्युत र पर्यटकीय क्षेत्रको विकासमा केन्द्रीत हुनेगरी प्राथमिकताको क्रमका आधारमा अघि बढ्न मोना आईइसीलाई सुझाएका थिए । कार्यक्रममा ब्यक्त भएका सुझाव र टिप्पणीहरूको जवाफ दिँदै मोना आईइसीका अध्यक्ष योगेन्द्रबहादुर क्षत्रीले संस्थाले सेवामूलक लगानी गरी दुईवटा क्षेत्रमा काम गर्ने जानकारी दिए । मोनाको अगुवाइमा जिल्लाको स्वास्थ्य, शिक्षा लगायतका क्षेत्रमा सहयोग गरिएको बताउँदै उनले आगामी दिनमा मोनाको संस्थागत विकास र त्यसमार्फत जिल्ला विकासका लागि आवश्यक संयन्त्र निर्माणमा ध्यान केन्द्रीत हुने प्रतिबद्धता जनाएका छन् ।

'जिल्लाको विकासका लागि केही गर्न भनेरै हामीले मोनाको गठन गरेका हौं' उनले भने, 'पहिला संस्थाको सुदृढीकरण, विभिन्न देशमा सञ्जाल विस्तार र त्यसमार्फत जिल्लाको विकासमा लागिपर्ने हाम्रो योजना छ ।' विज्ञता र रूची अनुसार अध्ययनका लागि विभिन्न टास्क फोर्स गठन गर्ने भन्दै उनले एउटै ब्यक्तिले विभिन्न विषयमा कुरा गर्नुभन्दा सम्बन्धित एउटै विषयमा ध्यान केन्द्रीत गरी सुझाव दिन पनि आग्रह गरेका थिए ।

प्रवासमा रहेका म्याग्देली महिलालाई मोनामा ल्याउँछु : टिका गुरुङ

■ नवविकल्प

मोना सम्मेलनबाट महिला उपाध्यक्षमा निर्विरोध निर्वाचित भएकी टिका गुरुङले प्रवासमा रहेका महिलालाई मोनामा आवद्ध बनाउने बताएकी छन् । रोजगार, ब्यापार तथा पारिवारिक सिलसिलामा प्रवासमा रहेका महिलाहरु आवद्ध भएका संघसंस्था सक्षम र सफल भएको बताउँदै गुरुङले मोनामा आवद्ध भएका देशमा रहेका महिलासंग भेटघाट तथा टेलिफोन, सामाजिक सञ्जाल लगाएतबाट समेत सम्पर्क र सहकार्य गरिने बताईन् । 'यो एउटा अवसर हो, सबैठाउँमा हामी नपुग्न सकिन्छ तर पनि नियमित सम्पर्क रहने नेटर्वक बनाउँछु' उनले भनिन् । उनले मोना हङकङ अन्र्तरगतको महिला सेलमार्फत धेरै कार्यक्रम भइरहेको बताउँदै महिला सम्बन्धि दिवसहरु, अन्र्तरक्रिया, महिलाको क्षमता विकास गर्न सकिने क्षेत्रहरुमा काम गर्ने गरी योजना बनाउने बताईन् । पहिलो अधिवेशन भएकाले पनि नेतृत्वमा रहेर धेरै काम गनुपर्ने आवश्यकता र जिम्मेबारी रहेको बताउँदै गुरुङले विधानमा महिलालाई नेतृत्वमा राख्ने गरी गरिएको संसोधनलाई पुष्टी गर्ने गरी काम गर्ने बताईन् । हङकङमा रहेको नेपाली महिला संघको अध्यक्ष समेत रहेकी गुरुङले महिलालाई अवसर दिए गरेर देखाउँछन् भन्ने प्रसस्त उदाहरण हङकङमा रहेको बताईन् ।

सन् २००६ देखी एनआरएनमा सक्रिय रहेकी गुरुङले महिलालाई सक्षम बनाउन क्षमता विकास र अवसर दिनुपर्नेमा जोड दिईन् । नमोबुद्ध मर्दश समाज, एनआरएन हङकङ, तमु समाज, साहरा क्लव लगाएतका संघसंस्थामा समेत आवद्ध रहेकी गुरुङले शिक्षा, ब्यापार, सामाजिक क्षेत्रमा महिलाको उपस्थिती बलियो बन्दै गएको बताईन् । उनले कर्मभूमिबाट जन्मभूमिलाई सहयोग जुटाउन मोनाले नेतृत्वदाही भूमिका निर्वाह गर्ने बताईन् । प्रवासमा घरगृहणीका रूपमा रहेका महिलालाई समेत आवद्ध बनाएर महिला सम्बन्धि विभिन्न कार्यक्रम गर्ने प्रतिबद्धता समेत जनाईन् । प्रथम अधिवेशनबाट म्याग्दी प्रवासी नेपाली संघमा महिलाको उपस्थिती न्युन भएपनि त्यसलाई समान्य लिनुपर्नेमा जोड दिईन् । विभिन्न देश तथा प्रतिनिधिको सहभागिता हुनुपर्ने भएपनि दोस्रो अधिवशेन तथा सम्मेलनमा भने महिलाको उपस्थिती बलियो हुने गुरुङको दावी छ ।

म्याग्दी उवासंघद्वारा प्रवासी म्याग्देलीलाई सम्मान

■ नवविकल्प

COMMERCE AND INDUSTRY (MCCI
STD. 2027
0AD)
IATED TO: FNCCI & WRC
बधाई
क्रम

म्याग्दी उद्योग वाणिज्य संघले शुक्रबार म्याग्दी प्रवासी नेपाली संघ अन्तर्राष्ट्रिय कार्यकारी समितिका पदाधिकारी एवम् सदस्यलाई सम्मान गरेको छ ।

गत कात्तिक २ र ३ गते बेनीमा सम्पन्न भएको सम्मेलनबाट निर्वाचित मध्ये बेनीमा उपस्थित रहेकालाई सम्मान गरिएको हो । मोना आईसीका अध्यक्ष योगेन्द्रबहादुर क्षेत्री, कोषाध्यक्ष चक्र थापा, सचिव तुल्म राम्जाली, क्षत्रीय उपाध्यक्षमा बालकृष्ण खत्री, उपाध्यक्ष राजेन्द्र कार्की, क्षत्रीय सचिव रेशम शाही, कार्यकारी सदस्य एवम् म्याग्दी सेवा समाज कतारका अध्यक्ष गणेश जुग्जाली, महासचिव तिलु शर्मालाई सम्मान गरिएको हो ।

सम्मान कार्यक्रममा बोल्दै प्रमुख अतिथि योगेन्द्र बहादुर क्षत्रीले प्रवासी म्याग्देलीहरु जिल्लामा हुने हरेक कार्यक्रममा सहकार्य गरेर अगाडी बढ्ने बताए । उनले मोना सम्मेलनमा जिल्लास्तरबाट भएको आर्थिक, प्राविधिक तथा ब्यवस्थापन लगाएत विभिन्न क्षेत्रको सहयोगबाट उत्साहित भएको बताउँदै आगामी दिनमा समेत निरन्तर सहकार्य गरेर अगाडी बढ्ने बताए । 'सबै मिलेर एजेण्डा बनाउनुपर्छ, घोषणापत्र बाटै धेरै काम गरेर अगाडी बढ्ने सोच बनाएका छौं' क्षत्रीले भने । उनले सुचना, प्रविधि, जलविद्युत, कृषि, पर्यटन, शिक्षा लगाएतका क्षेत्रमा भइरहेको प्रयासलाई राजनीतिक दल तथा निजी क्षेत्रबाट समेत सहयोगको प्रतिबद्धता आएको बताए ।

त्यस्तै नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रिय सदस्य प्रमोद श्रेष्ठले प्रवासबाट जिल्लामा धेरै सहयोग भित्रिएकाले त्यसलाई निरन्तरता दिन अनुरोध गरे । उनले उत्पादनशिल क्षेत्रमा लगानी भित्राउने गरी भइरहेका योजनामा निजी क्षेत्रबाट समेत सहयोग हुने बताए ।

कार्यक्रममा पूर्व अध्यक्ष सुर्दशन कुमार श्रेष्ठ, कुविर कुमार श्रेष्ठले मन्तब्य राखेका थिए । स्वागत तथा सम्मान कार्यक्रमको सञ्चालन महासचिव राजेश शाक्य, स्वागत संघका अध्यक्ष जीबन कुमार विश्वकर्मा र धन्यवाद सहित समापन बरिष्ठ उपाध्यक्ष उत्तम कर्मचार्यले गरेका थिए । संघले मोनालाई फर्निचर तथा कोठा समेत उपलब्ध गराएको छ । यहि कार्तिक २ र ३ गते विश्व सम्मेलनबाट नयाँ कार्य समिति चयन भएको थियो ।


हामी सबैको एउटै रहर पूर्ण सरसफाइ युक्त गाउँ शहर
यस अभियानमा घर, टोल, वडा गर्दै गा.वि.स./न.पा.लाई नै पूर्ण सरसफाइ युक्त बनाउन आजै बाट सबै लागौं ।
पूर्ण सरसफाइका ५ + १ विषय र सूचकहरू
१) चर्पीको प्रयोग
- सबैले सँधै चर्पीमा दिसा पिसाब गर्ने गरेको
- चर्पीको सरसफाइ नियमित गर्ने गरेको
- चर्पीको लागि साबुन र पानीको व्यवस्था भएको
२) पानी प्रयोग सम्बन्धी सुरक्षित व्यवहार
- पानी पिउने, खनाउने, राख्ने भाँडो सफा र छोपेर राखेको
- सुरक्षित मुहान/वितरण प्रणालीको पानी पिउने गरेको/घरायसी तहमा शुद्धिकरण गरेर मात्र पिउने बानी भएको ।
३) साबुन पानीले हात धुने बानी
- चर्पीको प्रयोग पछि,
- खाना बनाउनु, खानु र खुवाउनु अघि
- कुनै फोहर कुरा/विषादी छोएपछि तथा
- बिरामी तथा बच्चाको स्याहार गर्नु अघि र पछि
४) खाना प्रयोग सम्बन्धी सुरक्षित व्यवहार
- भान्साकोठा सफा राख्ने
- पकाएको र नपकाएको खानेकुरालाई छुट्टा छुट्टै राख्ने
- खाना राम्ररी पकाउने र पकाएको खाना छोपेर राख्ने
- उपयुक्त तापक्रममा राखी संरक्षण गर्ने
- सुरक्षित पानी र खाद्य वस्तुको मात्र प्रयोग गर्ने
५) सफा घर आँगन
- घर आँगन सँधै सफा गर्ने गरेको,
- घरबाट निस्कने फोहरको वर्गीकरण तथा व्यवस्थापन गर्ने गरेको,
- घरबाट निस्कने फोहर पानीको व्यवस्थापन गर्ने गरेको,
- पशुपंछीका लागि छुट्टै टहरा/गोठ/खोर बनाई मलमुत्रको व्यवस्थापन गर्ने गरेको
- धुवाँरहित भान्साकोठा
६) सफा वातावरण
- खुल्ला दिसा मुक्त अवस्था भएको गाउँ,
- सफा बाटो-घाटो, चौतारा तथा अन्य सार्वजनिक स्थानहरु,
- संरक्षित पानीका मुहानहरु र वितरण प्रणाली,
- सफा खोला, नदी नालाहरु,
- वायु प्रदुषण नभएको,
- फोहरमैलाको व्यवस्थापन भएको
- हरियाली वातावरण/पार्कको व्यवस्था भएको
खानेपानी तथा सरसफाइ सब-डिभिजन कार्यालय
म्याग्दी
खानेपानी तथा सरसफाई सम्बन्धी रेडियो कार्यक्रम म्याग्दीकाली एफएम ८८.२ मा बिहीबार साँझ ७:३० देखि ८ बजेसम्म र रेडियो म्याग्दी १०१.४ मा आइतबार साँझ ६:३० देखि ७ बजेसम्म सुन्न नभुल्नुहोला ।

नाकाबन्दीले पर्यटन आगमन प्रभावित

■ सन्तोष गौतम/पुनहिल

गत बैशाखको बिनासकारी भुकम्पका कारण थलिएको नेपालको पर्यटन क्षेत्र पछिल्लो समय सिमा क्षेत्रमा भएको नाकाबन्दी र इन्धन अभावका कारण झनै प्रभावित बनेको छ ।

भुकम्पले असर नगरेका नेपालका पर्यटकीय स्थलहरूमा तराई मधेश क्षेत्रमा जारी आन्दोलन, बन्द हडताल, नाकाबन्दी र इन्धन अभावका कारण पर्यटक आगमन प्रभावित बनेको हो । सिमा क्षेत्रको असहज परिस्थितीका कारण भारत भएर नेपाल आउने पर्यटक आगमन ठप्प बनेको पर्यटन ब्यवसायीहरू बताउँछन् ।

हवाई मार्गबाट भित्र्ने पर्यटकहरू पनि इन्धन अभावले गर्दा समस्यामा परेका म्याग्दीको घोरेपानीमा फ्रान्सका ८ जना पर्यटकलाई भ्रमण गराउन आएका फ्रेन्च एडभेञ्चर ट्रेकका पथप्रर्दशक धना लामाले नवविकल्प सँग बताए । भुकम्पले मनास्लु, खुम्बु र लाङटाङ क्षेत्र बाहेकका अन्य पदमार्गमा असर नगरेकाले भ्रमणका लागि सुरक्षित छन् ।

'अन्तराष्ट्रिय स्तरमा सुरक्षित पदमार्गहरूको बारेमा समयमै पर्याप्त सन्देश प्रवाह हुन सकेन् । अर्कोतर्फ मुख्य पर्यटकीय सिजन सुरू नहुदै देशको अवस्था असहज बन्न पुग्यो' लामाले भने 'नेपालमा धेरैजसो पर्यटकहरू भारतबाट स्थलमार्ग भएर आउँछन् । तर सिमा क्षेत्रको अवस्थाले गर्दा उनिहरू भारतबाटै फर्कीएकाले सुरक्षित रहेका पदमार्गमा पर्यटकको अपेक्षाकृत चहलपहल बढ्न सकेको छैन् ।'

वार्षिक तिस हजार पर्यटक भित्र्ने राउण्ड अन्नपूर्ण पदमार्ग अन्तरगत म्याग्दीको प्रमुख पर्यटकीय स्थल पुनहिल घोरेपानीमा गत वर्षको तुलनामा पर्यटक आगमन आधाले घटेको छ । ईलाका प्रहरी कार्यालय घोरेपानीका अनुसार २०७१ को बैशाख देखि असोजसम्म सात हजार ५८७ जना पर्यटकले भ्रमण गरेको घोरेपानीमा २०७२ को सोही अवधिमा जम्मा चार हजार २१६ जना मात्रै पर्यटक आएका छन् ।

पदमार्गको बारेमा अन्तराष्ट्रिय स्तरमा नकारात्मक सन्देश फैलीनु, नाकाबन्दी, इन्धन अभाव र बन्द हडतालका कारण पर्यटकहरू कम आएको घोरेपानी स्थित होटल स्नो भ्युका सञ्चालक टेकसर बुढुजा पुनले बताए । मनाङ, मुस्ताङ, लमजुङ, म्याग्दी र कास्की जिल्लाको ५७ गाविस समेटिएको अन्नपूर्ण संरक्षण क्षेत्रमा भुकम्पले कुनै असर गरेको छैन् ।

घोरेपानी मात्र होईन मुस्ताङ, कास्की, लमजुङ र मनाङ जिल्लाको पर्यटन आगमनको अवस्था पनि उस्तै छ । 'यो सिजन त्यती राम्रो पर्यटक भित्रीएका छैनन्, तर अरू स्थानलाई हेरेर हामीले चित्त बुझाउने अवस्था छ' घोरेपानी होटल ब्यवस्थापन समितिका अध्यक्ष जुन पुनले भने 'देशको अवस्था सुध्रने र राजनीतिक अन्यौलता हटेमा पर्यटक आगमन बढ्नेछ ।'

सुर्योदय, हिमशृङखला, गुरासे जंगल, वन्यजन्तु, पंक्षि र मगर संस्कृतीको अवलोकनका लागि पहाडको टाकुरामा अवस्थित घोरेपानीमा पर्यटक आउने गर्दछन् । घोरेपानीमा बास बसेका पर्यटकहरू चालिस मिनेट उकालो पैदल हिडेर तिन हजार २१० मिटर उचाईमा रहेको पुनहिलमा सुर्योदय, हिमशृङखला एवं मनोरम पहाडी भुगोलको अवलोकनका लागि पुग्ने गर्छन् ।

पर्यटक आगमन घट्दा पर्यटन र होटल ब्यवसायमा दैनिक करोडौ घाटा भएको छ । धेरैको रोजगारी गुमेको छ । इन्धन अभाव र नाकाबन्दीको बावजुद हवाई मार्गबाट आएका पर्यटकहरू सुरक्षित पदमार्गहरूको बारेमा सन्देश फैलाउन सुझाव दिन्छन् ।

'पोखरा, नयाँपुल, बिरेठाँटी, घोरेपानी हुदै घान्द्रुकको भ्रमण गर्दा भुकम्पले कुनै पनि असर गरेको पाईन' पुनहिलमा सुर्योदयको दृष्यअवलोकन गर्न पुगेका अमेरीकी पर्यटक क्यान हन्टुराले यात्राको अनुभव सुनाउनुभयो 'पदमार्ग, होटल, होमस्टे सबै ठिक छ । निकै रमाईलो भएको छ ।'

देशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान रहेको पर्यटन ब्यवसायलाई पुरानै अवस्थामा फर्काउन देशमा राजनतिक स्थिरता र भुकम्पले असर नगरेका पदमार्गहरू सुरक्षित रहेको सन्देश प्रवाहमा जोड दिनुपर्ने कोलम्बो ट्रेक्स काठमाडौका सञ्चालक प्रमोद दाहालले बताए ।

घोरेपानी पुनहिलको उकालो यात्रा सहज बन्यो

स्थानीयबासीको सक्रियतामा म्याग्दीको प्रमुख पर्यटकीय स्थल पुनहिल पुग्ने ब्यवस्थित पदमार्ग निर्माण भएको छ ।

घार गाविस १ घोरेपानीका बासिन्दाले गाउँदेखि पुनहिन पुग्ने ढुंगाको सिढी सहितको पदमार्ग निर्माण गरेका हुन् । करिब ६० लाख रूपैयाँको लागतमा साढे दुई किलोमिटर उकालो बाटोमा पदमार्ग निर्माण भएको घोरेपानी होटल ब्यवस्थापन समितिका अध्यक्ष जुन पुनले जानकारी दिए ।

उनका अनुसार पुर्वाधार विस्तारमा भएको आर्थिक लगानीको स्रोत स्थानीय रूपमै जुटाइएको हो । जिविसबाट पाँच लाख रूपैयाँ मात्र सहयोग प्राप्त भएको थियो । भिरालो पहाडको उकालो बाटोमा ढुंगाको सिढी बिछ्याएपछि चिप्लीएर लड्ने समस्या हटेको छ ।

'भिरालो, उकालो, साघुरो र चिप्लो बाटोमा पर्यटक लडेर दुर्घटना हुन्थ्यो । हेलीकप्टर मार्फत उपचार गराउन लैजानु पर्दथ्यो' घोरेपानीका बासिन्दा मनकुमार गर्बुजाले भने 'अहिले पर्यटकलाई सजिलो र सहज रूपमा यात्रा गर्न पाएका छन् ।' गुरासे जंगलको बिच बाटोमा रेलीङमा समाएर उकालो, ओरालो हिड्दा पर्यटकहरू निकै उत्साहीत देखिन्छन् ।

पदमार्गमा विश्रामस्थल, पुनहिलमा दृष्य अवलोकन स्थल र आराम बेञ्च पनि राखिएको छ । यसअघि पुनहिलका प्रर्वद्धक टेकबहादुर पुनको स्मृतीमा घोरेपानी र पुनहिल प्रवेश गर्ने ठाउँमा चार वटा स्वागत गेट बनाइएको थियो । भुकम्प लगत्तै पर्यटक आगमन घटेपछि असार, साउनको अफ सिजनको फुर्सदलाई सदुपयोग गरि घोरेपानी बासीहरूले पुर्वाधार निर्माण गरेका हुन् ।

उनीहरूले घोरेपानी देखि घान्द्रुक जाने पदमार्गमा पनि ढुंगा बिछ्याएर सुधार गर्न थालेका छन् । पहिलो चरणमा १७ लाख रूपैयाँको लगातमा घोरेपानीदेखि छ सय मिटर टाढासम्म पदमार्ग बनाउने काम सकिसकेको घोडेपानी होटल ब्यवस्थापन समितिका निवर्तमान उपाध्यक्ष टेकसर बुढुजा पुनले बताए ।

'भुकम्पले यस क्षेत्रमा असर गरेको छैन' पुनले भने 'पदमार्ग सुधार गरेर यहाँको यात्रा सुरक्षित छ भन्ने सन्देश प्रवाह गर्न खोजेका हौ ।'



समुन्द्रि सतह देखि तीन हजार २१० मिटर उचाईमा अवस्थित पुनहिल सुर्योदय, हिमशृङखला, गुरासे जंगल र पहाडी भुगोलको दृष्य अवलोकनका लागि पश्चिम नेपालकै मनोरम एवं प्रमुख गन्तब्य मानिन्छ ।

'घोरेपानीका बासिन्दाले स्थानीय स्तरमा स्रोत जुटाएर गरेको पुर्वाधारले पदयात्रीहरूलाई धेरै सुबिधा पुगेको महशुस भयो' पुनहिल भ्रमणमा आएका धादिङ मलेखुका राजेन्द्र सेढाईले भने 'पुर्वाधार विस्तारलाई अझै निरन्तरता दिन आवश्यक छ ।'

पर्यटक प्रहरी चौकी स्थापना भएपछि पर्यटकलाई सहज

म्याग्दीको घार गाविस १ घोरेपानीमा पर्यटक प्रहरी चौकी स्थापना भएपछि सो क्षेत्रको भ्रमणमा आउने पर्यटकहरूलाई सहज भएको छ । त्यहाँ रहेको ईलाका प्रहरी कार्यालय अन्तरगत पर्यटक प्रहरी चौकी स्थापना गरिएपछि विश्व प्रसिद्ध अन्नपूर्ण फेरो पदमार्गको भ्रमणमा आउने पर्यटकलाई सहज भएको हो । पर्यटक र पथप्रर्दशकहरूले सुरक्षा र पदमार्गको अवस्थाको बारेमा जानकारी, अप्ठ्यारो अवस्थामा सहयोग पाउन र परामर्श लिन पाएका हुन् ।

अंग्रेजी भाषा बोल्न सक्ने तालीम प्राप्त प्रहरीहरूले पर्यटकहरूको विस्तृत विवरण सहित तथ्याङ तथा अभिलेख राख्ने, अस्वस्थ भएमा स्वास्थ्य संस्थामा पुराउन सघाउने, चोरी, लुटपाट र हराएको अवस्थामा खोजी गर्न खटिने गरेको चौकीका हवल्दार बुद्धीराम बोहोराले बताए ।

त्यहाँ चार जना पर्यटक प्रहरीको ब्यवस्था गरिएको छ । उनिहरूले ईलाका प्रहरी कार्यालयसंग समन्वय गरेर सेवा दिदै आएका छन् । पर्यटक प्रहरीको ब्यवस्था भएपछि पर्यटकहरूलाई थप सुरक्षित भएको महशुस हुनुका साथै अप्ठ्यारो पर्दा सहयोग पाएको घोरेपानीका पर्यटन ब्यवसायी सुशील पुनले बताए ।

"वर्षौंपछि आयो हजुर नयाँ संविधान, सुखसँग मनाऊँ हजुर ! यो तिहार महान"
नेपालीहरुको महान् पर्व शुभदीपावली-२०७२ को अवसरमा सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति,
समृद्धि र उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

xfdf| ;]jfx?M
- ✓ २४ सै घण्टा आकस्मिक सेवा । ✓ क्याभिनको व्यवस्था ।
- ✓ इजाजत प्राप्त दक्ष स्वास्थ्यकर्मीद्धारा अत्यन्तै गोपनियताका साथ सुरक्षीत गर्भपतन सेवा ।
- ✓ दैनिक ओ.पि.डि सेवा (विहान ८ बजे देखि साँझ ७ वजे सम्म)
- ✓ २४ सै घण्टा भिडियो एक्सरे,ल्याव,एक्सरे,ई.सि.जि.,माईनर अपरेशन तथा विरामी भर्ना सेवा ।
- ✓ दैनिक निशुल्क गर्भवती परीक्षण गरिने व्यवस्था ।
- ✓ सिकिस्त विरामीहरुको लागि बेनी बजार क्षेत्र भित्र घर मै गई स्वास्थ्यकर्मीद्वारा सेवा प्रदान गरिने ।
- ✓ ७० वर्ष उमेर पुगेका विरामीहरुका लागि १० प्रतिशत छुटको व्यवस्था ।
- ✓ अपाङ तथा निम्न आर्थिक स्तरका विरामीहरुका लागि १० प्रतिशत छुटको व्यवस्था ।
- ✓ विद्यार्थीहरुका लागि सहुलियतकार्डको व्यवस्था गराई विशेष छुटको व्यवस्था ।

बेनी हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.
न्यद्ररोड, बेनीबजार, म्याग्दी
(सम्पर्क: ०६९-५२०९८३, ९८५७६४००८६)

सुन्दर नगरी बेनीबजारमा हजुरहरुको चाहनालाई मध्यनजर गर्दै
नयाँ व्यवस्थापनका साथ हामी तपाइँहरुको साथमा
लामा भान्छाघर एण्ड रेष्टुरेन्ट
कोटभण्डारचोक, बेनीबजार, म्याग्दी
हाम्रा सेवाहरू
- खाना/फापरको ढिडो - नेवारी खाजा - चटामरी
- बारा - पिज्ज - नान - अन्य परिकारहरु
फ्रि वाइफाई, फ्रि होम डेलिभरी, पार्किङ स'विधा
प्रो राजन लामा, फोन : ०६९-५२१२००, मो.नं.: ९८४७६३३८९४

प्रो. सुरेन्द्रराज शर्मा मो.नं. ९८५७६२२०७७, ९८५७६२४५७७
संगम ट्रेडर्स & संगम हार्डवयर
कालीपुल (वेष्ट प्वाइन्ट कलेजको नजिक) बेनी, म्याग्दी
फोन : ०६९-५२१११७, फ्याक्स : ०६९-५२०९२८
हाम्रा सेवाहरू
हामीकहाँ निर्माण सम्बन्धी सम्पूर्ण सामग्रीहरु (छड, सिमेन्ट, कर्कटपाता, पाइप, पाइप फिटिङका सामान, रंगरोगन) थोक तथा फुटकर थोक मूल्यमा पाइन्छ ।
ब्रिज सिमेन्ट र पञ्चकन्याबाट उत्पादित सम्पद्रर्ण सामानका साथै नेरोल्याक पेन्टस्को अधिकृत बिक्रेता
हाम्रो सेवा दरबाङ बजारबाट पनि- फोन : ०६९-६८००७७

प्रो. म"क"न्द शर्मा ९८४७६४२९५६
प्रो. अमृतप्रसाद शर्मा ९८४७६५२०९०
विशाल हार्डवयर्स एण्ड जनलर सप्लायर्स
शिक्षामार्ग, बेनीबजार, म्याग्दी
फोन : ०६९-५२०८९७
हाम्रा सेवाहरू
छड, सिमेन्ट, जस्तापाता, प्लाइ, सनमाइका, रङ रोगन, काँटी, कब्जा लगायत घर निर्माण सम्बन्धी सम्पूर्ण सामानहरु सुपथ मूल्यमा बिक्री गरिन्छ । साथै नेपाटपको पाइप र ग्यारेन्टीवाला पानी टंकी पनि पाइन्छ ।

प्रो. नारायणप्रसाद सेन्च"री मो.नं. : ९८५७६४०२१४
बागलुङ देवी सुन चाँदी गहना पसल
बैंकरोडदेखि दुरसञ्चारचोक, बेनीबजार, म्याग्दी
फोन : ०६९-५२००५६
हाम्रा सेवाहरू
यहाँ अर्डर अनुसार डिजाइनका सुन चाँदीका गरगहनाहरु पाउनुका साथै सुन चाँदी खरिद बिक्री गरिन्छ ।
साथै राशि अन"सारको पत्थर पनि पाइन्छ ।

कोरल्ला ...

र पुर्व यातायात सहायक मन्त्री नरबहादुर हिराचनले कोरल्ला नाका सञ्चालनका लागि कुटनीतिक रूपमा पहल गर्न केन्द्रिय स्तरका नेताहरूसंग समन्वय गर्ने प्रतिवद्धता जनाएका थिए । यसै गरी एकिकृत नेकपा माओबादी बागलुङका प्रचार प्रमुख किष्ण केसीले नेपाल र चीन विचको एतिहासिक सम्बन्धबाट नेपालीहरूले फाइदा लिनुपर्ने बताएका थिए ।

कार्यक्रममा नागरीक समाज मुस्ताङका चन्द्रबहादुर थकाली र नेपाल पत्रकार महासंघ म्याग्दीका अध्यक्ष सुरज केसीले पनि मन्तब्य ब्यक्त गरेका थिए । नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रि सदस्य प्रमोद श्रेष्ठको अध्यक्षता र म्याग्दी उद्योग वाणिज्य संघका महासचिव राजेश शाक्यले सञ्चालन गरेको कार्यक्रमको अध्यक्ष जीवनबहादुर विश्वकर्माले समापन गरेका थिए । बागलुङका पत्रकार रामकृष्ण शर्माले कोरला नाकाको बस्तुस्थितीबारे कार्यपत्र प्रस्तुत गरेका थिए ।

पाँच बुँदे बेनी घोषणापत्र जारी

मुस्ताङको कोरला नाका सञ्चालनका लागि छलफल गर्न बेनीमा सम्पन्न धौलागिरी अञ्चलका सरोकारवालाहरूको भेलाले पाँच बुँदे बेनी घोषणापत्र जारी गरेको छ । नेपाल उद्योग वाणिज्य महासंघ र म्याग्दी उद्योग वाणिज्य संघको आयोजनामा भएको भेलाले कोरल्ला नाका सञ्चालनका लागि विभिन्न विषयमा प्रतिवद्धता जनाउँदै घोषणापत्र जारी गरेको हो ।

घोषणाको पहिलो नम्बर बुदामा प्राचीनकालदेखि नै पैदलमार्ग मार्फत नेपाली र चीनबीच ब्यापार हुँदा प्रयोग हुँदै आएको कोरल्ला नाकालाई वर्तमान समयमा पनि आधुनिक पारवहन प्रणाली अन्तर्गत सञ्चालन गरेको खण्डमा देशले भोगिरहेको नाकाबन्दीको संकट समाधान गर्न सघाउ पुग्ने कुरामा पूर्ण सहमत हुँदै सम्पूर्ण धौलागिरीबासीहरू एकताका साथ अघि बढ्न तयार भएको उल्लेख गरिएको छ ।

तत्कालका लागि भारतको अघोषित नाकाबन्दीबाट सिर्जित अत्यावश्यक बस्तुको आपूर्तिको लागि अल्पकालीन रूपमा सकेजति नाका सञ्चालनका लागि प्रयास गर्दै दीर्घकालीन रूपमा बेनी–कोरल्लासम्मको सडकको स्तरोन्नति गर्न सम्पूर्ण सरोकारवालाहरूको तर्फबाट यो मार्गलाई राष्ट्रिय महत्वको राजमार्ग बनाउन नेपाल सरकार समक्ष आग्रह पनि गरिएको छ ।

बागलुङ, म्याग्दी, पर्वत र मुस्ताङ जिल्लाका राजनीतिक दल, नेपाल सरकारका प्रशासनिक एवं सुरक्षा निकायका प्रमुखहरू, उद्योगी ब्यवसायीलगायत सम्पूर्ण नागरिक समाजका अगुवाहरूले आ–आफ्नो ठाउँबाट आफ्नो क्षेत्राधिकार र क्षमता अनुसार क्षेत्रगत जिम्मेवारी बहन गर्न तयार रहेको प्रतिवद्धता जनाएका छन् ।

भारतले नाकाबन्दी लगाएपछि प्रतिक्रियास्वरूप यो अभियानको शुरूवात गरेको नभई राष्ट्रिय स्वाभिमान नगुम्नेगरी राजनीतिक नेतृत्वले आवश्यक कूटनीतिक पहलका साथ अन्तराष्ट्रिय चासोको कोरल्ला नाकालाई खुलाउन चीन सरकारसँग वार्ता गरी यथाशीघ्र खुलाउन अनुरोध गरेका छन् ।

भेलाले बेनी जोमसोम कोरला सडकलाई राष्ट्रिय प्राथमिकतामा पार्न आग्रह गर्दै नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रिय सदस्य प्रमोद श्रेष्ठको नेतृत्वमा चार जिल्लाका राजनितिक दलका प्रमुख, उद्योग वाणिज्य संघका अध्यक्ष, नागरिक समाजका संयोजक, उद्योग वाणिज्य महासंघका धौलागिरी अञ्चल प्रतिनिधि निर्माणकुमार श्रेष्ठ, बस्तुगत संघका प्रमुख प्रतिनिधि, चार वटै जिल्लाका सांसद र बागलुङका पत्रकार रामकृष्ण शर्मा सदस्य रहेको एक दवाव समिति पनि गठन गरेको छ ।

कोरल्ला नाका सञ्चालनको सम्भावना र चुनौती

चीनको स्वसाशित क्षेत्र तिब्बतसंग सिमाना जोडिएको मुस्ताङ स्थित कोरला नाका सञ्चालनका लागि धौलागिरीका सरोकारवालाहरूले पहल गरेका छन् । नेपाल र चीनबीच ब्यापारीक सम्बन्धका लागि सबैभन्दा नजिक र उत्तम मानिएको कोरल्ला नाका सञ्चालनको सम्भावनासंगै चुनौती पनि उत्तिकै देखिएको छ ।

मधेशमा जारी आन्दोलन र भारतले गरेको नाकाबन्दीका कारण दक्षिणी नाकाहरू ठप्प भएपछि चिनसंग सिमाना जोडीएका उत्तरी नाकातर्फ चर्चा र चासो बढेको हो । धौलागिरीका राजनितिक दल, उद्योगी ब्यवसायी तथा अगुवाहरूले एक दशकदेखि बन्द अवस्थामा रहेको मुस्ताङ स्थित कोरल्ला नाका खुलाउन सक्रियता देखाएपछि सञ्चालनमा आउने आशा बढेको छ ।

सडक सञ्जालसंग जोडिसकेकाले कोरला नाका नियमित सञ्चालन गर्न सकिने मुख्य आधार रहेको नागरीक समाज मुस्ताङका संयोजक चन्द्रबहादुर थकालीले बताए । 'फराकीलो जमिन भएकाले सुख्खा बन्दरगाहा लगायतका भौतिक संरचना बनाउन पर्याप्त भुगोल छ । मौसम सफा हुनाले हिउँ छिटो पग्लन्छ' थकालीले भन्नुभयो 'डरलाग्दो भिरपहरा नभएको र फराकीलो भुगोल भएकाले बाढी पहिरोको समस्या हुदैन । कागबेनी–लोमान्थाङ सडक स्तरवृद्धी गरेमा नियमित सवारी सञ्चालन गर्न सकिन्छ ।'

मुस्ताङको सदरमुकाम जोमसोमदेखि एक सय किलोमिटर उत्तरतर्फ अवस्थित कोरल्ला नाकालाई निर्माणको अन्तिम चरणमा रहेको रूपन्देहीको बेलहियादेखि लोमान्थाङ सम्मको ४०६ किलोमिटर चिन र भारत जोड्ने छोटो दुरीको कालीगण्डकी करिडोरले पनि समेटेको छ ।

कोरला नाका सञ्चालनमा आउन सकेमा ब्यापारमा भारतसंगको परनिर्भरता हट्ने, धौलागिरी क्षेत्र ब्यापारीक केन्द्रको रूपमा विकास हुने मात्र नभई कालीगण्डकी करिडोरमा जलविद्युत र पर्यटन विकासमा पनि महत्वपूर्ण योगदान पुग्ने नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रिय सदस्य प्रमोद श्रेष्ठले बताउँछन् ।

'बेनीमा गत शनिबार धौलागिरी अञ्चलका सबै राजनितक दल, उद्योगी, ब्यवसायी, प्रमुख जिल्ला अधिकारी र सुरक्षा प्रमुखहरूको भेला गरी कोरल्ला नाका सञ्चालनका लागि पाँच बुदेँ घोषणापत्र जारी गरेका छौं' केन्द्रिय सदस्य श्रेष्ठले भने ' कोरला नाका धौलागिरीबासीको सहज ब्यापारका हिसाबले मात्र नभई पर्यटन, जलविद्युत र पुर्वाधार विकासका लागि सेतु बन्न सक्छ ।'

वि.स २०३२ सालमा सुरू भएको कोरला नाकामा खम्पा बिद्रोहपछि समस्या सृजना भएको थियो भने एक चिन निती बिरोधी गतिबिधीलाई रोक्न पछिल्लो समय चिनीया पक्षले आवत जावतमा कडाई गर्दै आएको छ । हाल तिब्बतको ढोङवासेन र उपल्लो मुस्ताङका ब्यापारीहरूले अन्तरदेशीय ब्यापार मेला आयोजना गरेको अवस्थामा वर्षमा २ पटक मात्रै कोरला नाका सञ्चालन हुने गरेको मुस्ताङ उद्योग वाणिज्य संघका अध्यक्ष खगेन्द्र तुलाचनले बताए ।

उनका अनुसार ब्यापार मेलाका क्रममा कोरला नाका भएर तिब्बतबाट आयात हुने खाद्यान्न, धातु, लत्ताकपडा, काठ, भेडाच्याङग्रा, ईन्धन, सवारी साधन र मुस्ताङबाट निकासी हुने छाला, जडीबुटी तथा खाद्यान्नलाई करको दायरामा ल्याउन गत असारमा नेचुङ भन्सार कार्यालय स्थापना भएको छ । लोमान्थाङमा सिमा प्रशासन कार्यालय पनि यसैवर्षदेखि सञ्चालनमा आएको छ ।

यसैगरी सुख्खा बन्दरगाहा बनाउनका लागि पनि जग्गा अधिग्रहणको काम अघि बढेसकेको जिल्ला प्रशासन कार्यालय मुस्ताङले जनाएको छ । सन २००३ मा प्रस्ताव गरिएको कोरल्ला नाका खोल्ने बिषयमा २०६८ माघमा तत्कालीन प्रधानमन्त्री डाक्टर बाबुराम भट्टराई र चीनका प्रधानमन्त्री वेन जिया वाओबीच सम्झौता भएपनि आवश्यक प्रक्रिया अघि बढ्न सकेन् ।

भौगोलिक अवस्थितीले तुलनात्मक रूपमा सहज हुदाहुदै पनि राज्य स्तरबाट पहल कदमीको कमी, नेपालले ब्यापार योजना बनाउन ढिलाई गर्नु, एक चिन बिरोधी गतिबिधि हुन नदिने विषयमा चीनलाई विश्वास दिलाउन नसक्नु, पुर्वाधारको अभाव जस्ता कारणले नाका खोल्ने प्रस्ताव अलपत्र परेको हो ।

'नेपालले कोरल्ला नाकाबाट कुन कुन बस्तुको ब्यापार गर्ने हो भन्ने विषयमा ब्यापार योजना बनाउन नसक्नु प्रमुख समस्या हो' मुस्ताङका प्रजिअ गणेशबहादुर अधिकारीले भने 'ब्यापार योजना बनाउने हो भने नाका सञ्चालनका लागि अरू धेरै तयारी भैसकेको छ ।'

वाणिज्य बिभागबाट कोरला नाका सञ्चालनका लागि परराष्ट्र मन्त्रालयमा हालै पत्राचार भएको छ । भौगोलिक रूपमा अनुकुल यस नाकालाई कालीगण्डकी करिडोरले अझै सहज बनाएको छ । कोरला नाका सञ्चालनका लागि कच्चि अवस्थाको सडकमा मालबालक सवारी साधन ओहोर दोहोर गर्न कठिनाई हुनु, बढी चिसो वातावरण, भौगोलिक बिकटता, जनघनत्वको कमी, चिनतर्फ आवश्यक कार्यालय स्थापनामा कम चासो हुन जस्ता चुनौती देखिएका छन् ।

चीनले सबैभन्दा बढी प्राथमिकता दिएको सुरक्षाको विषयमा विश्वास दिलाउन, सडकको अवस्था सुधार, स्थानीय तहमा देखिएको सक्रियताले निरन्तरता पाउने, पुर्वाधार निर्माण गर्न तथा कुटनितीक पहलका लागि राजनितिक नेतृत्वले ईच्छाशक्ति देखाउन सकेमा अबको केही वर्षमा कोरला नाका सञ्चालन हुन सक्ने अपेक्षा गर्न सकिन्छ ।

संगिनी सहकारीको अध्यक्षमा श्रेष्ठ

■ नवविकल्प

संगिनी बचत तथा ऋण सहकारी संस्था लि.

बेनीका महिलाहरूको सक्रियतामा सञ्चालन हुँदै आएको संगिनी बचत तथा ऋण सहकारी संस्थाको तेस्रो वार्षिक साधारणसभा तथा दोस्रो अधिवेशन सम्पन्न भएको छ ।

अधिबेशनले साधना श्रेष्ठको नेतृत्वमा नयाँ सञ्चालक समिति चयन गरेको सहकारीले जनाएको छ । सहकारीको उपाध्यक्षमा गौरी थापा मगर, सचिव तेजकुमारी बानियाँ, कोषाध्यक्ष, शर्मिला श्रेष्ठ, सहसचिव नविना थापा रावल रहेका छन् । यसै गरी सदस्यहरूमा भगवती पुर्जा, जानकी विश्वकर्मा, कल्पना केसी, देवी सुवेदी र भुलमाया तिलिजा निर्वाचित भएको सहकारीकी प्रवन्धक रूद्रकुमारी खत्रीले जानकारी दिइन ।

सहकारीले शेयर पुँजी ६२ लाख १२ हजार ४०० र निक्षेप सङ्कलन १ करोड ८५ लाख पाँचहजार २८० रहेको जनाएको छ । त्यसैगरी लगानी १ करोड ३५ लाख ६७ हजार ७८१, कुल कारोबार ७ करोड दुइलाख १३ हजार १२४, आम्दानी ३१ लाख ४३ हजार ८३३ र खर्च ३० लाख ८१ हजार ८३३ रूपैयाँ रहेको छ ।

अधिवेशनको उद्घाटन गर्दै जिल्ला सहकारी संघ म्याग्दीका अध्यक्ष दीपक कार्की बिखर्चीले सहकारीले महिलाहरूको आर्थिक विकासमा योगदान गरेको बताएका थिए । उनले सहकारीमार्फत महिलाहरूलाई उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्नेमा जोड दिएका थिए । सोही कार्यक्रममा बोल्दै नेकपा एमाले म्याग्दीका अध्यक्ष हरिकृष्ण श्रेष्ठले महिलाहरूले सञ्चालन गरेका सहकारीहरू सक्षम हुँदै गएको बताएका थिए ।

कार्यक्रममा जिल्ला बहुउद्देश्यीय सहकारी संघका उपाध्यक्ष दण्डपाणी शर्मा, उपभोक्ता सहकारी संघका अध्यक्ष रामप्रसाद सुवेदी र नेपाल पत्रकार महासंघ जिल्ला शाखा म्याग्दीका सचिव गोरखनाथ सुवेदीले विचार ब्यक्त गरेका थिए । कार्यक्रमको अवसरमा संस्थामा रहेर उत्कृष्ट कार्य गरेको भन्दै लेखापाल सजनी मल्ल, बजार प्रतिनिधि लक्ष्मी खत्री र उत्कृष्ट कारोबार गरेकोमा कृष्ण सार्कीलाई सम्मानपत्र र नगदले सम्मान गरिएको थियो । साधारणसभामा अध्यक्ष अमृता भण्डारीले संस्थागत, सहसचिव शर्मिला श्रेष्ठले प्रगति, कोषाध्यक्ष तेजकुमारी बानियाँले आर्थिक र लेखा संयोजक नवीना रावलले लेखा प्रतिवेदन पेश गरेका थिए ।

कार्यक्रम अध्यक्ष भण्डारीको अध्यक्षता, उपाध्यक्ष साधना श्रेष्ठको स्वागत र कोषाध्यक्ष बानियाँको सञ्चालनमा सम्पन्न भएको थियो ।

सगुन स्टेशनरी स्टोर्स
विभिन्न पाठ्यपुस्तक, स्टेशनरी सामग्री, खेलकुद एवम् पत्रपत्रिका
धार्मिक तथा साँस्कृतिक सामानहरूको थोक तथा फुटकर विक्रेता
क्याम्पस चोक बेनीबजार, म्याग्दी, फोन नं. : ०६९५२००३५, मो. नं ९८४७६२४३४४

"भूकम्प प्रतिरोधात्मक घरका लागि हामीलाई सम्झनुहोस् । अब ईन्जिनियर सहित बेनीमा"
प्रा.फ.नं. १०७३/०६९/०७०
नेपाल सरकारबाट मान्यता प्राप्त
डेल्टा इन्जिनियरिङ्ग कन्सल्टेन्सी
बेनीबजार, म्याग्दी (प्रभु बैंकको अगाडी)
DELTA ENGINEERING CONSULTANCY
Beni Bazar, Myagdi (Opposite to Parbhu Bank)
- निर्माण सम्बन्धी सम्पूर्ण परामर्श सेवा
- विभिन्न योजनाहरुको लागत इस्टिमेट
- रोड सर्भे तथा डिजाईन
- सिभिल इन्जिनियरिङ्ग सम्बन्धी परामर्श सेवा
- बैंक ग्यारेन्टी तथा भ्यालुएसन
- घर जग्गाहरुको धितो मूल्याङ्कन
- आकर्षक डिजाइनका घरहरु नक्साङ्कन
- विदेश जानेहरुको भिजा भ्यालुएसन
सम्पर्क नं. ई. कृष्ण रिजाल ९८५१०१७०९२, दिपक पौडेल ९८५७६२१४६७, सव. ई. गौरिश्वर रिजाल ९८५७६२४३१०

भावपूर्ण श्रद्धाञ्जली

जन्म :
२०१५/०४/२८
स्व. छवानन्द आचार्य
स्वर्गारोहण :
२०७२/०७/०५
हाम्रा शुभचिन्तक एवम् दिदिबहिनी बचत तथा ऋण सहकारी संस्था बेनी म्याग्दीकी अध्यक्ष जमुना आचार्यको पिता छवानन्द आचार्यको कार्तिक ५ गते भएको असामयिक निधनले हामीलाई अत्यन्तै मर्माहत र स्तब्ध बनाएको छ । यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै दिवङ्गत आत्माको चिरशान्तिको कामनासहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।
ठाकुरप्रसाद आचार्य, हरिकृष्ण गौतम, सन्तोष गौतम,
अमृत बास्कुने, प्रमोद शर्मा
नवविकल्प साप्ताहिक परिवार

xflbs aWff0

यस संस्थाको शनिबार सम्पन्न तेस्रो वार्षिक साधारणसभा तथा दोस्रो अधिवेशनबाट अध्यक्ष साधना श्रेष्ठ, उपाध्यक्ष गौरी थापा मगर, सचिव तेजकुमारी बानियाँ, कोषाध्यक्ष, शर्मिला श्रेष्ठ, सहसचिव नविना थापा रावल रहेका छन् । यसै गरी सदस्यहरूमा भगवती पुर्जा, जानकी विश्वकर्मा, कल्पना केसी, देवी सुवेदी र भुलमाया तिलिजा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

रुद्रकुमारी खत्री (मालती) — प्रबन्धक
एवम्
अमृता भण्डारी — निवर्तमान अध्यक्ष

संगिनी वचत तथा ऋण सहकारी संस्था लि. परिवार
बेनीबजार, म्याग्दी

दरबाङ म्याग्दीखोला जलविद्युत आयोजना

संस्थापक शेयर खुल्ला रहेको सूचना

निकट भविष्यमा निर्माण शुरू गर्ने लक्ष्यकासाथ अघि बढेको यस दरबाङ म्याग्दी खोला जलविद्युत आयोजनाले विशेष म्याग्दीवासी तथा स्वदेश तथा विदेशमा रहनु भएका ईच्छुक नेपालीहरूलाई संस्थापक शेयर लगानीको लागि अनुरोध गरिएको असोज मसान्त देखि शेयर बन्द भएको हल्ला बजारमा सुन्नमा आएकाले उक्त हल्ला निराधार रहेको तथा शेयर वन्द नरहेको जानकारी गराउँदै यस आयोजनाले आधिकारीक रूपमा वन्द भएको जानकारी नगराउन्जेललाई संस्थापक शेयर खुल्ला रहेको जानकारी गराउन चाहन्छौं।

धौलागीरी कालिका हाईड्रो प्रा.लि.
दरबाङ म्याग्दीखोला जलविद्युत आयोजना
म्याग्दी

BABIN TAILORING
Shirting & Suiting

बबिन टेलरिङ नै किन ?

- ☞ तपाईले खोजेका कुनैपनि गुणस्तरीय ब्राण्डका कपडाहरुका लागि,
- ☞ तपाईले भनेको समयमा आकर्षक एवम् गुणस्तरीय सिलाईका लागि,
- ☞ आकर्षक तथा आधुनिक डिजाइनका लागि,
- ☞ आकर्षक कोटका लागि गुणस्तरीय पेस्टिङ्ग मेशिन प्रयोग गरिने,
- ☞ यहाँको माया, सद्भाव र विश्वासको निरन्तरताको लागि,
- ☞ अर्डर बमोजिम अफिस, बैंक, कलेज, स्कूल र विद्यालयका सम्पूर्ण पोशाकका लागि ।

हाम्री बाबाले सधैँ बबिन टेलरिङ्मा सिलाई दिनुहुन्छ....

बबिन टेलरिङ्ग सर्टिङ्ग एण्ड सुटिङ्ग
हुलाकचोक, बेनी फोन: ०६९-५२०७६०
न्यूरोड, पोखरा (भाटभटेनी सँगै) फोन: ०६१-५२७४२०

Reid & Taylor · FINE SUITINGS FROM DIGJAM it's who you are · Ashvira · OCM SUITINGS · Bently Business class · The Complete Man Raymond SINCE 1925

शुभदीपावली-२०७२ को
हार्दिक मंगलमय शुभकामना

प्रो. नारायण जि.सी.
मो.नं. ९८५१०१८६८३, ९८५७६४०००३

जि.सी. क्रसर उद्योग
बेनी नगरपालिका-११, बगुवाखोला, म्याग्दी
सम्पर्क: ०६९-५२०९२०, ९८०२०६०३२२ (श्याम)
९८०५२०६२३५ (दिपक) ९८५७६२२३८० (हरि)

हाम्रा सेवाहरु
आधुनिक क्रसर मेसिनबाट उत्पादित उच्च गुणस्तरीय गिट्टी, बालुवा, ग्रावेल तथा ४ र ६ इन्चका ब्लक चाहिएमा हामीलाई सम्झनुहोस् ।
साथै
एस्काभेटर, डोजर, टिपर लगायतका हेभी इक्युप्मेन्ट चाहिएमा समेत हामीलाई सम्पर्क गर्नुहोस् ।
तपाईँको सेवाका लागि सम्पूर्ण निर्माण सामग्री एकै ठाउँमा...

लौ आयो ! दशै तिहार उपहार धमका !!!
होण्डाका मोटरसाइकल र स्कुटरहरूको खरिदमा हात खाली नजाने स्क्याच कार्ड ।
एवम् मिनिमम् 4000 देखि एक लाख रुपैयाँसम्मको स्क्याच कार्ड पाइन्छ, आजै सम्पर्क गर्नुहोस ।

ग्राहकको मन जित्न सफल के.बी अटोपार्टसका थप नयाँ सेवाहरू

HONDA

- म्याग्दीमै पहिलो पटक डिजल वासिङ, इयर वासिङ सेवा तथा डेनपेन्टको सुविधा
- वेल्डीङ ग्रेडिङको सेवा का साथै जुनसुकै कम्पनीका बाइकहरु Exchange सुविधा
- जेन्युन सामानहरु काठमाण्डौ र पोखराको दररेटमा बेनीमा उपलब्ध छन् ।
- अनुभवि मेकानिकहरुद्वारा मोटरसाइकल मर्मत गर्नुका साथै सर्भिस गरिन्छ ।
- आपतकालिन अवस्थामा मेकानिकद्वारा रोड वा होम डेलिभरी सर्भिस पनि उपलब्ध छ ।

अधिकृत-बिक्रेता
- होन्डाको XR 150 मोडलका वाइकहरु
- युनिकन 160CC मोडलका वाइकहरु
- dio स्कुटर र shine बाइकहरु

प्रो. खेम के.सी
के.बी. अटो पार्टस् एण्ड मोटरसाइकल सर्भिस सेन्टर
बेनी बजार कालीपुल बसपार्क म्याग्दी, फोन ०६९५२०७११, ९८५७६२२९८६,

नवविकल्प साप्ताहिक, प्रकाशक/सम्पादकः ठाकुरप्रसाद आचार्य, प्रधान सम्पादक : देवीप्रसाद शर्मा, कम्प्युटर सेटिङ्ग : प्रमोद शर्मा (९८५७६२१५६०), व्यवस्थापक : धिरन खत्री (९८६७६१३५४७)
कार्यालयः शान्तिटोल, बेनीबजार, म्याग्दी मुद्रणः दीप्ति अफसेट प्रेस, बेनीबजार Email :- bikalpanews@gmail.com, Phone 069-520995, 9847624286